# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
सुदुर पश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
डोरमुकाम, कैलाली
अछावे

पत्र संख्याः २०७७।७८
च.नं.३०

मितिः २०७७।१०।२७

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
धनगढी उपमहानगरपालिकाको कार्यालय,
कैलाली।

...ढी उप-महानगरपालिका
...नं. ....6393.........
...ति :..........१०।२९
हस्ताक्षर :..........................

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७७।१०।२५ मा छलफल पश्चात् तयार गरिएको पाना (५३) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा सुदुर पश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन,२०७५ को दफा ३५ (१) अनुसार ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत ।कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

लेख प्रसाद लामिछाने
निर्देशक

**बोधार्थ तथा कार्यार्थः**

श्री सचिवज्यू,
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,काठमाण्डौ ।
- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समिति,
सुदुर पश्चिम प्रदेश, धनगढी, कैलाली - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सुदुर पश्चिम प्रदेश, धनगढी, कैलाली - प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
सुदुर पश्चिम प्रदेश, धनगढी, कैलाली - प्रतिवेदन संलग्न छ ।



Scanned with CamScanner

**कार्यालय र स्थानः धनगढी उप महानगरपालिका,कैलाली ।**

**आर्थिक वर्ष:२०७६।७७**

आर्थिक कारोबारको स्थिति

| | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख: | नारायण प्रसाद सापकोटा | २०७६/४/१ | २०७७/३/३१ | २१५४५९७८८.५ |
| | कृष्ण बहादुर बोहरा | २०७७/१/२९ | २०७७/२/६ | |
| लेखा प्रमुख: | सरस्वती जोशी | २०७६/४/१ | २०७७/३/३१ | |
| | डिल्लिराज ओझा | २०७६/४/१ | २०७७/३/३१ | |

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वितिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १२४८०८३२०.१७ | १ | चालु खर्च | | ७०८४२८०८६.५७ |
| | क) नगद | ८९७०६१.३० | ० | २ | पूँजीगत खर्च | | ५७६८८१५९२.७९ |
| | ख) सञ्चित कोष | ५२४२७३९१.२२ | ० | ३ | अन्य खर्च | | ४१५६५५६२९ |
| | ग) धरौटी | १४३३०४३२.०५ | ० | | क) सामाजिक सुरक्षा तथा संरक्षण | २८८५९९००० | ० |
| | घ) मर्मत सम्भार कोष | ८५९३५९ | ० | | ख) रास्ट्रिय परिचय पत्र तथा पंजीकरण बिभाग | ६६८६१९.८ | ० |
| | ङ) वातावरण कोष | १४७११४२ | ० | | ग) स्थानीय पूर्वाधार बिकाश साझेदारी कार्यक्रम | ५६८८६२६० | ० |
| | च) कर्मचारी कल्याण कोष | २०७८१४३१.२३ | ० | | घ) सडक बोर्ड नेपाल | १९५१०६२ | ० |
| | छ) स्थानीय तह विभाज्य कोष | ९००१५१ | ० | | ङ) भाषा आयोग | १४०२५०.० | ० |
| | ज) स्थानीय तह प्रकोप व्यवस्थापन कोष | १६१०६४४८.६७ | ० | | च) राष्ट्रिय स्वयंसेवक | ६१२००.०० | ० |
| | झ) आर.यू.डि.पि.कोष | १७०३४९०३.७० | ० | | छ) आइ सि टि इन्जिनियर | २७६७२७.३७ | ० |
| २ | राजस्व ( आन्तरिक आय) | | ४३५५२८२१८.७४ | | ज) समाज कल्याण | १२९३६५८ | ० |
| | क) आन्तरिक राजस्व | १४५४७३२७१.६१ | ० | | ट) क्षेत्रीय शहरी विकास आयोजना | ५८२४००९९.८३ | ० |
| | ख) राजस्व बाँडफाँड | २९००५४९४७.१३ | ० | | ठ) जि.स स मौज्दात कोष कार्यक्रम | ७५३८७५२ | ० |
| | ग) अन्य आय | ० | ० | ४ | कोषको खर्च | | ३१६६३१३५.६६ |
| ३ | वितिय हस्तान्तरण संघ | | ८७९१३७७५० | | क) मर्मत सम्भार कोष | ५२८७०६.०० | ० |
| | क) वितिय समानीकरण अनुदान | २९५१५४७५०.०० | ० | | बातावरण कोष | ६४२७५०.०० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख) सशर्त अनुदान | ५४८८८३०० 0.00 | ० | | ख) कर्मचारी कल्याण कोष | ४७८६९०४.०० | ० |
| ग) समपूरक अनुदान | ३५१००००० .०० | ० | ५ | ग) स्थानीय तह प्रकोप व्यवस्थापन | २५७०४७७५.६६ | ० |
| घ) विशेष अनुदान | 0.00 | ० | ६ | धरौटी फिर्ता | | ६७८६०९२.७० |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७२८७१००० | ७ | मौज्दात | | १५९४६२२४०.७२ |
| क) वित्तिय समानीकरण अनुदान | ९२८२०००.०० | ० | | ख) नगद मौज्दात | २५४६९९१.७८ | ० |
| ख) सशर्त अनुदान | १३५३१००० .०० | ० | | क) संचित कोष | ८८१९४५९४.२३ | ० |
| ग) समपुरक अनुदान | ४०६५८००० .०० | ० | | धरौट मौज्दात | २६७६१६१२.८१ | ० |
| घ) विशेष अनुदान | ९४०००००.०० | ० | | कोष खाताको मौज्दात | ० | ० |
| अन्तर स्थानीय तहबाट प्राप्त | ० | ० | १० | क) विविध कोष | ३१५३३१.६३ | ० |
| अन्य | | ३९९३०८९७३.८७ | | ख) आन्तरिक राजस्व खाता | १०८०२ | ० |
| क) क्षेत्रीय शहरी विकास आयोजना | ४१८४७९१९.०७ | ० | | ग) मर्मत सम्भार कोष | ३००११५ | ० |
| ख) सडक बोर्ड नेपाल | २४००००० | ० | | घ) वातावरण कोष | ६४०२३६ | ० |
| ग) सामाजिक सुरक्षा तथा संरक्षण | २८८५९९००० | ० | | ङ) कर्मचारी कल्याण कोष | २६९३४९३८.२ | ० |
| घ) राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभाग | ६६८६१९.८ | ० | | च) स्थानीय तह विभाज्य कोष | ९१३६४४ | ० |
| ङ स्थानीय पूर्वाधार विकाश साझेदारी कार्यक्रम | ५६८८६२६० | ० | | छ) स्थानीय तह प्रकोप व्यवस्थापन | ११५६१७१४ | ० |
| च) भाषा आयोग | १४०२५०.० | ० | | ज) क्षेत्रीय शहरी विकास आयोजना | १२८२२६१.०७ | ० |
| छ) राष्ट्रिय स्वयंसेवक | ६१२००.०० | ० | | शसर्त अनुदान फिर्ता | | ८७७०२५०९.०० |
| ज) आइ सि टि इन्जिनियर | २७९९३०.० | ० | | | | ० |
| भः) समाज कल्याण | १२९३६५८ | ० | | | | ० |
| ञ) जि.स स मौज्दात कोष कार्यक्रम | ७१३२१३७ | ० | | | | ० |
| ७ विभिन्न कोषतर्फको आय | | ४७५३६९४४.६६ | | | | ० |
| १० धरौटी आय | | २७३८८०७९.०० | | | | ० |
| जम्मा | | १९८६५७९२८६.४४ | | जम्मा | | १९८६५७९२८६.४४ |

कार्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली । आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उप-महा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उप-महा नगरपालिकाको उद्देश्य रहेको छ । यस उप-महा नगरपालिका अन्तर्गत १९ वडा, ९९ सभा सदस्य, २६१.७५ वर्ग किलोमिटर क्षेत्रफल तथा १ लाख ४७ हजार ७४१ जनसंख्या रहेको छ । | |
| | लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७/१०/२५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय वमोजिम छन् ।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.६६४२३६८२.१२ ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन पूर्ण रुपमा कार्यान्वयन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आर्थिक विवरण नमिलेको:** शीर्षक गत आर्थिक विवरणमा देखाएको खर्च र बैंक नगदी कितावमा | |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आम्दानी, खर्च र बाँकी एक आपसमा भिडान हुनुपर्दछ । उप महानगरपालिकाले तयार गरेको आर्थिक विवरणमा आम्दानी, खर्च र बाँकी एक आपसमा भिडान भएको छैन । फरक परेको रकम सम्बन्धमा एकिन गरी पेश गर्नुपर्ने रु. | १८१५१२५२.०० |

| शीर्षक | गत वर्षको मौज्दात | यस वर्ष आम्दानी | कुल जम्मा | खर्च | मौज्दात हुनुपर्ने | आर्थिक विवरणमा भएको | फरक |
|---|---|---|---|---|---|---|---|
| मर्मत सम्भार कोष | ८५९३५९ | ० | ८५९३५९ | ५२८७०६ | ३३०६५३ | ३००११५ | ३०५३८ |
| वातावरण कोष | १४७११४२ | ० | १४७११४२ | ६४२७५० | ८२८३९२ | ६४०२३६ | १८८१५६ |
| कर्मचारी कल्याण कोष | २०७८१४३१.२ | १००००००० | ३०७८१४३१.२ | ४७८६९०४ | २५९९४५२७.२३ | २६९३४९३८.२ | ९४०४११ |
| स्थानीय तह प्रकोप व्यवस्थापन | १६९०६४४८.७ | ३७५१२६४९.७ | ५३६१९०९८.३ | २५७०४७७६ | २७९१४३२२.६७ | ११५६१७१४ | १६३५२६०९ |
| क्षेत्रीय शहरी विकास आयोजना | १७०३४९०३.७ | ४१८४७९१९.१ | ५८८८२८२२.७७ | ५८२४०१०० | ६४२७२२.९४ | १२८२२६१.०७ | ६३९५३८ |
| | | | | | जम्मा | १८१५१२५२.०० | |

३. आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।



Scanned with CamScanner

र्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली । आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | / |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साबिकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ५. | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सुशीला मिश्र भट्टले मिति २०७६।३।०८ गते रु.१ अर्व ५८ करोड ३७ लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.२ करोड ६९ लाख भैपरी आउने पूँजीगतमा अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट रु.१० लाख ९० हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |



Scanned with CamScanner

| क्र.स | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ८. | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १०. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ७०८३५२ | १५६२११ | २०४५१६ | ३४७६२४ | २०४९७ |
| २ | पूँजिगत खर्चतर्फ | ५७६४१२ | ३५८४३ | ११५७५२ | ४२४८१७ | ३२६८२ |
| | जम्मा | १२८४७६४ | १९२०५४ | ३२०२६८ | ७७२४४१ | ५३१७९ |
| | प्रतिशत | | १४.९५ | २४.९३ | ६०.१२ | ४१.३९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु१२८४७६४ निकासा भएकोमा प्रथम चौमासिकमा रु.१९२०५४ अर्थात १४.९५ प्रतिशत, दोश्रो चौमासिकमा रु.३२०२६८, अर्थात २४.९३ प्रतिशत र तेश्रो चौमासिकमा रु.७७२४४१, अर्थात ६०.१२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५३१७९ अर्थात ४१.३९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

र्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली । आ.व. २०७६।७७

| फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११. | क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (तालिका तल) उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३८.०९ प्रतशित र घटी वातावरण तथा वकिासमा ०.२९ प्रतिशत रहेको छ । | |
| १२. | बिनियोजनभन्दा वढी खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहायब अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु.६५ लाख ५२ हजार बढी खर्च गरेको छ । निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । (तालिका तल) | |
| १३. | खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१७ करोड ८८ लाख ४१ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.१ अर्व ६७ करोड ८४ लाख ९३ हजार समेत रु.१ अर्व ८५ करोड ७३ लाख ३४ हजार आम्दानी भएकोमा चालु तर्फ रु.७० करोड ८४ लाख २८ हजार र पूँजिगत तर्फ रु.५७ करोड ६८ लाख ८२ हजार र वित्तिय व्यवस्था तर्फ शुन्य खर्च समेत रु. १ अर्व २८ करोड ५३ लाख ९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ९.६३ प्रतिशत रहेको छ । | |

दफा ११ को तालिका:

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६१०२६००० | ३२४२८४२१ | २.५२ |
| २ | पूर्वाधार विकास | ७५४२३७६३३.९ | ४७४००३६५६.८ | ३६.८८ |
| ३ | सामाजिक विकास | ५८५९९६६८३.८ | ४८९६०४८७६.२ | ३८.०९ |
| ४ | बातावरण तथा विकास | १९०००००० | ३७८४८६९ | ०.२९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४७९१६९३.५२ | १०३९६८५७ | ०.८१ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ३०९८३४२११.८ | २७५०६६९९९.४ | २१.४० |
| | जम्मा | १७४४८८६२२३ | १२८५२८५६७९ | १००.०० |

दफा १२ को तालिका:

| सि.नं. | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | ३११२२ | ० | १०००००.०० | १०००००.०० |
| २ | ३११२२ | ० | ६९०००.०० | ६९०००.०० |
| ३ | ३११२३ | ० | ९९८९४.०० | ९९८९४.०० |
| ४ | २२५२९ | १४२००००.०० | ३८१६७६९.०० | २३९६७६९.०० |
| ५ | २२५२९ | २५०००००.०० | ३८१६७६९.०० | १३१६७६९.०० |
| ६ | २७२१२ | ० | २४९९९६९.०० | २४९९९६९.०० |
| ७ | २७२१२ | ० | ७००००.०० | ७००००.०० |
| | | | जम्मा | ६५५२४०१.०० |



Scanned with CamScanner

र्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

| फा | भौ.नं, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | यसवर्ष पदाधिकारी सविधामा रु.८६ लाख ५४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ४.८४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८९.१७ प्रतिशत चालु र ६४.४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ९. | लक्ष्य प्रगति : कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १०४३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको पेश गरेकोमा २०७६/७७ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत १०४३ योजना स्वीकृत गरेका योजनामा २५३ वटा शुन्य प्रगति भएका, २५ वटा २५ प्रतिशत प्रगति भएका, ५३ वटा ५० प्रतिशत प्रगति भएका र ७१२ वटा योजनाहरु ७५ प्रतिशत प्रगति भएको उल्लेख छ । शुन्य तथा कम प्रगतिका सम्बन्धमा पालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगतिरे |
| कार्यक्रम संख्या | १०४३ | २५३ | २५ | ५३ | ७१२ |

संगठन तथा कर्मचारी व्यवस्थापन

**कर्मचारी दरबन्दी भन्दा बढी काजमा कर्मचारी राखेको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने तथा निजामती सेवा ऐन,२०४९ अनुसार प्रत्येक कर्मचारीको कार्य विवरण अनिवार्य रुपमा स्वीकृत गरेर पद अनुसार कार्य जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १९० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर सहित ४१ ादहरु रिक्त रहेकोमा सो मध्ये ९१ जना करारमा राखी काम गराएको अवस्थामा अन्यत्रबाट सरुवा ाहमती दिई स्वीकृत दरवन्दि वेगर स्वास्थ्य सेवाका १९ जना बढी कार्मचारीलाई काजमा राखेकोमा ोजहरुको कार्य विवरण अनुसारको कार्य जिम्मेवारी वेगर हाजिर गराई तलव खर्च लेखेको छ । रवन्दि वेगर काज स्वीकृत दिई जिम्मेवारी नदिई कर्मचारी राखी तलव खर्च वापतको रकम थप दायित्व जना गर्ने पदाधिकारी तथा कार्यालय प्रमुखलाई जिम्मेवार र जवाफदेही बनाई दरबन्दि वेगरका नावश्क कर्मचारीलाई सहमती दिई काजमा ल्याई कार्य जिम्मेवारी विहिन बनाई राख्ने तथा कार्यालयको ार्य वातावरण समेत प्रतिकूल बनाउने कार्य नियन्त्रण गरी स्वीकृत दरबन्दी वेगर काज सहमतीमा जेर भएका अनावश्यक कर्मचारी सम्वन्धित पदस्थापना भएको कार्यालयमा फिर्ता गर्नुपर्दछ ।



Scanned with CamScanner

कार्यालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

| दफा | कैफियत, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १६ | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ५ पदमा ९१ जना कर्मचारीहरू करारमा राखि रु.३८८९३९२७.९० खर्च लेखेको छ । | |
| १७ | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ २ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट 10 प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष संचित राजस्व कोषबाट कर्मचारी कल्याण कोषमा रु.10000000.00 ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको देखियो । | |
| १८. | **कर्मचारी कल्याण कोष**: प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को दफा ३६.२क मा स्वीकृत बजेट सीमाभित्र रही सम्बन्धीत शिर्षकमा खर्च गर्नुपर्ने उल्लेख छ। उपमहानगरपालिकाले कार्यालय भवन निर्माणको कुमार श्रेष्ठ उच्चाकोटी जे भि लाई चौथो रनिङ बिल रु.२२६८११९। गो भौ न ४।२०७६।६।१६बाट भुक्तानी भएको छ।कर्मचारीको वृति विकास लगायत सामाजिक सुरक्षार्थ खडा गरिएको उक्त कोषबाट पूजिगत प्रकृतिका असम्बन्धित खर्च भुक्तानी दिन नमिल्ने उल्लेख गरेको छ।यसरी फरक प्रयोजनको खर्च रकम भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु | २२६८११९ |
| १९. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता ९९,९९,९९९.०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको । | |
| २०. | **थप प्रोत्साहन खर्चः**– चालु आ.व. को नगर सभामा खटिएका नगरपालिकाका सबै कर्मचारीहरुलाई १५ दिनको शुरु तलब स्केलको आधारमा सो काममा खटिए वापत रु. खर्च लेखेको देखियो । नगरसभाको तेश्रो बैठकले नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुलाई शुरु स्केलको १५ प्रतिशतका दरले प्रोत्साहन उपलब्ध गराइसकेपछि पुनः नगर सभामा खटिएको भनि १५ दिन को तलब खर्च लेखेलेको रु.२२८६२३५.०० खर्च लेखेको देखियो । गत बर्षको प्रतिवेदनमा यस्तो दोहोरो खर्च असूल गर्नुपर्ने व्यहोरा औंल्याएकोमा पुनः यस बर्ष समेत दोहोरो पर्ने गरी थप सुविधा खर्च लेखेको हुँदा निर्णय गर्ने पदाधिकारी तथा खर्चको स्वीकृत दिने अधिकारीलाई जिम्मेवार र जवाफदेही वनाई यसरी दोहोरो सुविधा | |



Scanned with CamScanner

कार्यालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली । आ.व. २०७६।७७

| दफा | प्रौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बापतको रकम रु.२२८६२३५.०० असुल हुनु पर्दछ । | २२८६२३५.०० |
| २१. | **ग्रेड सहितको प्रोत्साहन भत्ता:** उपमहानगरपालिकाले कार्यपालिकाको निर्णय अनुसार पालिकामा कार्यरत कर्मचारीलाई कार्यसम्पादनका आधारमा मासिक शुरु तलब स्केलको प्राविधिक कर्मचारीलाई ४५ प्रतिशत र अन्य कर्मचारीलाई १५ प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णय गरेको देखियो । गोश्वारा भौचर १४३५ बाट ग्रेड सहिताको नगद भत्ता भुक्तानी गरेको पेरोलका आधारमा कार्यरत कर्मचारीलाई भत्ता भुक्तानी गर्दा ग्रेड सहितको रकम जोडी तलब स्केल कायम गरेर १८७ जनालाई वार्षिक शुरु तलबले हुने भन्दा बढी प्रोत्साहन भत्ता रु.१५८०९३२.८ बढी भत्ता भुक्तानी दिएकोले ग्रेड समेतको तलबका आधारमा भुक्तानी भएको नियम सम्मत नदेखिएको रु. | १५८०९३२.८ |
| २२. | **तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २३. | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको स्वीकृत दरबन्दी १९ तोकीएकोमा सबै पदपूर्ति भई सेवा प्रवाह भएको छ । | |
| २४. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १२ वटा ऐन, ४ वटा नियमावली र १८ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ११८१ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ३४०९ |
| मृत्युदर्ता | ५५५ |
| बसाईसराई दर्ता | ६६९ |
| विवाह दर्ता | ९२१ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | विवरण प्राप्त नभएको |

...को नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

| क्र.सं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सेवाप्रवाहमध्ये पञ्जिकरण ... स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाबाट प्रदान गरिने ... पालिकाका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । | |
| २५. | योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक नगर विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: १३८; रु १ लाख देखि २ लाखसम्म: १३४; रु २ लाखदेखि ५ लाखसम्मका: १७६; रु ५लाख देखि १० लाखसम्मका: ११२; रु १० लाखभन्दा बढीको: ४८३; जम्मा: १०४३<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१५ हजार देखि ३ करोड ५७ लाख सम्मका जम्मा १०४३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १३८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| | • कानून निर्माण एवं कार्यान्वयन | |
| २६. | कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आपनो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ४ वटा नियमावली, १८ कार्यविधि लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| २७. | न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १२ र यो बर्ष थप भएको २५ गरी कुल ३७ विवाद दर्ता भएकोमा २१ वटा मात्र फछ्र्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| | • पदाधिकारी सुविधा | |



Scanned with CamScanner

कार्यालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

२८. **बैठक भत्ता** - सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने तथा महिनाको बढीमा २ पटक बसेको बैठक भत्ता लिने व्यवस्थामा पालिकाले सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु.२६८८५००.०० भुक्तानी गरेको छ ।

२९. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१४०४८०११.३८ सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष.१९ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ६९ जना |
|---|---|---|---|---|---|---|
| १ | टेलिफोन,मोबाइल | ८००० | ७००० | ५००० | ३५०० | ३००० |
| २ | पुस्तक,पत्रीका, ईन्टरनेट | ८००० | ६००० | ६००० | ५००० | ३००० |
| ३ | समन्वय तथा सहजीकरण | १२००० | १०५०० | ६५०० | ६५०० | ४००० |
| ४ | अतिथि सत्कार | ११५०० | १०५०० | ७००० | ० | ० |
| ५ | खानेपानी/बिजुली/ सरसफाई | ४५०० | ४५०० | २५०० | २००० | २५०० |
| ६ | चाडपर्व खर्च | २९००० | २७५०० | २०००० | १५००० | १०००० |
| | जम्मा | ७३००० | ६६००० | ४७००० | ३२००० | २२५०० |

३०. **वैदेशिक भ्रमण** – दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । नगर प्रमुख नृप बहादुर वड रिपब्लिक कोरिया भ्रमणमा रु.१३००००.०० खर्च भएको देखिन्छ ।यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियम उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन ।

३१. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष प्रयोजन नखुलाई खाना तथा विविधतर्फ मात्र रु. ६१,०८,२८६.०० खर्च गरेको छ ।यस्तो खर्च लेख्दा औचित्य पुष्टि हुने गरी अधिकार प्राप्त अधिकारीले खर्चको आदेश दिनुपर्दछ ।

३२. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२५५६३००.०० आर्थिक सहायता वितरण गरेका छ। कार्यपालिकाको पटके निर्णयबाट आर्थिक



Scanned with CamScanner

कार्यालयको नाम: धनगढी उपमहानगरपालिका, धनगढी कैलाली ।

| क्रम | शी.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सहायता खर्च लेखे कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • अनुदान फिर्ता, वितरण र उपयोग | |
| ३३ | महोत्सव तथा अन्य खर्च : स्थानीय सरकार संचालन ऐन २०७४ ले संस्था समूह, पर्व, जात्रा, यात्रा विरामी संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल ४ उत्सव महोत्सव, धार्मिक, सामाजिक, सांस्कृतिक प्रकृतिका कार्यमा रु.१३ लाख २६ हजार खर्च गरेको छ । | |
| ३४. | ठेक्का व्यवस्थापन: सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यवस्थापनका लागि सोझै खरिद, सिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । उप महानगरपालिकाबाट संचालित योजनाको निर्माण कार्यको ठेक्का व्यवस्थापनको विवरण माग गरेकोमा पेश नभएकोले एकिन गर्न सकिएन । | |
| ३५. | वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ५७ करोड ६८ लाख ८२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३६. | सवारीसाधन खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.८ लाख ३ हजार तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.३ लाख २५ हजार का गरी रु. ११ लाख २८ हजार खर्च गरेका छन् । | |
| | • कर दस्तुर एवं आन्तरिक आय | |
| ३७. | आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१७ करोड १८ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा | |



Scanned with CamScanner

कार्यालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

| क्र.सं. | मौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.१४ करोड ५४ लाख ७३ हजार अर्थात अनुमान भन्दा १५.३२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३८. | आन्तरिक आय: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रिय अनुदानबाट खर्च रु.हजारमा | आन्तरिक आय रु.हजारमा | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १०८६४८८ | १४५४७३ | १३.३९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १३.३९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.सं. | मौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९. | कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ४००००००००.०० | ३२५९२४९८.२८ | ८१.४८ |
| घरजग्गा वहाल कर | १५००००००.०० | २६९४९३३९.२३ | १७९.६६ |
| व्यवसाय रजिष्ट्रेसन कर | १५००००००.०० | १२४३१५६०.०० | ८२.८८ |
| वहाल विरौटी शुल्क | ८६००००.०० | ६०५६६७.०० | ७०.४३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| क्र.सं. | मौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | स्थानीय तहहरूको विभाज्य कोष - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्वन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडँफाड गर्नुपर्ने विभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त विज्ञापन, मनोरन्जन कर यथार्थ असुलीका अभिलेख नहुदा विभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी विभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| ४१. | राजश्व बाँडफाँड- स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्वन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु | १२४३०१६२.०० |

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाउन बाँकी रकम |
|---|---|---|---|

कार्यालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

आ.व. २०७६।७७

| दफा | भौ.नं. मिति र व्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | विज्ञापन कर | ९१३६४४.०० | ४० | ३६५४५८.०० | |
| | प्राकृतिक स्रोत (नदि जन्य पदार्थ) | ३०१६१७५९.०० | ४० | १२०६४७०४.०० | |
| | जम्मा | ३१०७५४०३.०० | ४० | १२४३०१६२.०० | |
| ५२ | सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस वर्ष रु.२३२६२५.०० हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | | | | |
| ५३. | मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | | | | |
| ५४. | व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१४ लाख ९९ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | | | | |
| | • आयकर एवं मू.अ.कर | | | | |
| | आय मिन्हा:- स्थानीय सरकार संचालन ऐन, २०७४ परिक्षेद ९(६२) (क) अन्तर्गत स्थानीय तहले नगरपालिका क्षेत्रभित्र वग्ने नदी नाला, खोला मध्ये IEE गरी घाटगद्धी तोकिएका खोलाबाट ढुंगा गिटी लगायतका नदिजन्य पदार्थको आयका स्रोत एकिन गरी आर्थिक ऐनले तोके अनुसार प्राकृतिक श्रोतबाट अनुमान गरे अनुसारको आय संकलन गर्न सक्ने व्यवस्था अनुसार प्राकृतिक श्रोतबाट प्राप्त हुने आय तर्फको ढुंगा गिटी, बालुवा संकलनको लागि मोहना, खुटीया र शिवगंगा, घुरही नदी क्षेत्रबाट यसवर्ष १५८९६८ घन.मी. अत्खनन गरी प्रति घ.मी. मू.अ.कर बाहेक रु.७५ रोयल्टी लिनेगरी ठेक्का दिन न्यूनलम रु. २ करोड ५५ लाख अनुमान स्वीकृत गरी ठेक्का आह्वान गरेको छ । नियमानुसार ३ वटा वोलपत्र पेश भएकोमा सबैभन्दा बढी कवोल गर्ने निर्माण व्यवसायी श्री गरुण कन्स्ट्रक्सन गोदावरी-११ सँग रु २ करोड ६१ लाखमा संझौता भएको छ । प्रति किस्ता ८७ लाखका दरमा ३ किस्तामा बुझाउने गरी मिति २०७६।५।२९ को सम्झौता अनुसार ठेकेदारले विभिन्न वहानामा किस्ता रकम वुझाउन ढिलाई गरेको, कोभिड-१९, लकडाउन जस्ता कारण देखाई बर्षान्तमा तिर्न बाँकी २ किस्ताको रकम नवुझाएकोमा २०७७।४।६ मा आएर वैंक ग्यारेन्टी सहितको रु.१ करोड ४५ लाख रकम बुझाएको देखियो । बाँकी रकम रु. १ करोड १६ लाख कार्यपालिकाको निर्णयबाट ४ महिनाको ठेक्का अंकको दामासाहीले हिसाब गरी मिन्हा दिएको छ । यसरी स्थानीय सरकारलाई प्राप्त हुने रोयल्टी वापतको रकम मिन्हा गर्न नमिल्ने गरी सम्झौताको बुदा नं.१५ मा किटानीका साथ व्यवस्था रहेको, | | | | |



Scanned with CamScanner

आ.व. २०७६।७७

र्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

| का | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आय मिनाहाको त्यस्तो व्यवस्था नभएको अवस्थामा उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को आर्थिक ऐन,२०७७ मा निर्णय समावेश गरी आय मिन्हा दिएको रकम असूल हुनुपर्दछ रु. | ११६००००० |
| | **मु.अ.कर दाखिला नगरेकोः-** नदीजन्य पदार्थको रोयल्टी वापतको प्रति घन मी. रु.७५ मा नबढ्ने गरी सम्झौता अनुसार रोयल्टी उठाउने ठेक्का सम्झौता रु.२६१०००००। को प्रथम किस्ता रु. ८७०००००। रोयल्टी रकम पालिकामा दाखिला गरेपछी मू.अ.कर वापत १३ प्रतिशत हुने रकम आन्तरिक राजश्व कार्यालयमा वुझाई सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्ने, त्यसपछिको दोश्रो तेस्रो किस्ताकव रकम वुझाउने समयमा सोमा उठाएको मू.अ. कर समेत क्रमश दाखिला गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम ठेक्का अंकमा १३ प्रतिशत दरले मू.अ.कर रकम दाखिला गरेको प्रमाण पेश भएन । अतः ठेक्का अंक रु.२६१००००।- को १३ प्रतिशत ले हुने मु.अ.कर रु.३३९३०००।- आन्तरिक राजश्व कार्यालयमा दाखिला भएकव प्रमाण पेश हुनु पर्ने रु. | ३३९३००० |
| | **कवाड करः-** उपमहानगरपालिकाले यसवर्ष कवाड कर वापत ३० लाख न्यूनतम ठेक्का अंक स्वीकृत गरी ठेक्का आह्वान गरेकोमा निर्माण व्यवसायी श्री विश्वास कन्स्ट्रक्सनको रु.१ करोड ३५ लाख ३९ हजार ८२३ (मु.अ.कर समेत) को ठेक्का स्वीकृत भएको छ । प्रथम किस्ता वापत रु.४५०००००।- दाखिला गरी संझौता कार्यान्वयन गरेकोमा ठेकेदारले बाँकी किस्ता उपमहानगरपालिकालाई समयमा बुझाएको देखिएन । उपमहानगरपालिकाले निज ठेकेदारले बैंकमा रहेको कार्यसम्पादन जमानत जफतको कार्यवाही गरी कर असूल गर्नु पर्नेमा कार्वाही चलाएको छैन । कोभिड-१९ को संक्रमण तथा लकडाउनको कारण देखाई बाँकी वुझाउन पर्ने किस्ता नगरकार्यपालिकाको बैठकले ४ महिनाको आय मिन्हा दिने निर्णयका आधारमा रु.४५१३२७५।- मिन्हा दिएको छ । यसरी स्थानीय सरकारलाई प्राप्त हुने रोयल्टी वापतको रकम मिन्हा गर्न नमिल्ने गरी सम्झौताको बुदा नं.१५ मा किटानीका साथ व्यवस्था रहेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आय मिनाहाको त्यस्तो व्यवस्था नभएको अवस्थामा उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को आर्थिक ऐन,२०७७ मा निर्णय समावेश गरी आय मिन्हा दिएको रकम असूल हुनुपर्दछ रु. | ४५१३२७५ |
| | **मू.अ.कर दाखिलाः-** सम्झौता अनुसार कवाड कर असूल गर्ने ठेक्का श्री विश्वास कन्स्ट्रक्सन धनगढीलाई प्रथम किस्ता रु.४५०००००।- रु.११९८२१४४.२५ ९मू.अ.कर बाहेक० दिएकोमा मू.अ.कर ऐन, २०५२ बमोजिम १३ प्रतिशत ले हुने उपमहानगरपालिकालाई बुझाए पछी सोमा लाग्ने मू.अ.कर रकम आन्तरीक राजश्व कार्यालयमा वुझाई सोको प्रमाण उपमहानगरपालिकामा पेश गर्नुपर्ने, त्यसपछीका दोश्रो तस्रो किस्ताको रकम वुझाउने समयमा नियमानुसार लाग्ने मू.अ.कर समेत क्रमश सोही किस्ता संगै वूझाउनु पर्नेमा ठेक्का अंकको १३ प्रतिशतले हुने रकम रु.१५५७६७८.७५ दाखिला प्रमाण पेश भएन । अतः उक्त मू.अ.कर बापतको रकम दाखीला प्रमाण पेश गर्नु पर्दछ । | १५५७६७८.७५ |
| | **विज्ञापन करः-** उपमहानगरपालिकाले यसवर्ष विज्ञापन कर वापत रु२४ लाख न्यूनतम ठेक्का अंक स्वीकृत गरी सूचना प्रकाशन गरेकोमा कूल ५ वटा वोलपत्र पेश भएकोमा श्री धनतारा निर्माण सेवा धनगढी-१ संग रु.२७००१५१।- ९ भ्याट वाहेक० को सम्झौता भएको छ । प्रथम किस्ता रु.९००१५१।- सम्झौता गर्दाकै बखत दाखिला गर्ने र बाँकी दोस्रो र तेस्रो किस्ता प्रतिकिस्ता रु.९०००००।- का दरले फल्गुण र आषाढ मसान्त भित्र वुझाउनु पर्ने गरी ठेक्का कार्यान्वयन गरेकोमा ठेकेदारले मिति २०७६।१०।१३ मा सम्झौता रद्द गर्न निवेदन पेश गरेको देखियो । उक्त निवेदन माथी तुरुन्तै | ९००००० |

कार्यालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

आ.व. २०७६।७७

| क्र | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्वाही गरी निजले पेश गरेको कार्यसम्पादन जमानत जफत गरी बाँकी किस्ता रकम असुल गर्नुपर्नेमा दोस्रो किस्ता रु.९०००००।- समेत रु.१८००१५१।- रकम दाखिला गरी बाँकी तेस्रो किस्ता बुझाएको छैन । यस्तो रकम मिनाहा दिने निर्णय भएकोमा यसरी स्थानीय सरकारलाई प्राप्त हुने रोयल्टी बापतको रकम मिन्हा गर्न नमिल्ने गरी सम्झौताको बुदा नं.१५ मा किटानीका साथ व्यवस्था रहेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आय मिनाहाको त्यस्तो व्यवस्था नभएको अवस्थामा उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को आर्थिक ऐन,२०७७ मा निर्णय समावेश गरी आय मिन्हा दिएको रकम असुल हुनुपर्दछ रु. | |
| | सम्झौता अनुसारको विज्ञापन कर असुल गर्ने ठेक्का श्री धनतारा निर्माण सेवा (स्थायी लेखा नम्बर ३०१५०७९२१) लाई रु.२७००१५१ (भ्याट बाहेक) ठेक्का स्वीकृत भई विज्ञापन कर उठाउन दिएकोमा प्रथम किस्ता रु.९००१५१।- उपमहानगरपालिकालाई बुझाए पछी सोमा लाग्ने मू.अ.कर ऐन २०५२ बमोजिमको १३ प्रतिशतले हुने मू.अ.कर आन्तरिक राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नु पर्ने सम्झौताको शर्त पालना गरेको देखिएन । त्यसपछिका किस्ता समेत बुझाउने समयमा सँगै बुझाउनु पर्ने मू.अ.कर रकम बुझाएको प्रमाण नदेखिएकाले ठेक्का अंकको १३ प्रतिशतले हुने कर रु. ३५१०१९।६३ दाखीला प्रमाण पेश भएन । नियमानुसार ठेक्का अंकमा लाग्ने मू.अ.कर बापतको रकम दाखिला प्रमाण पेश हुनु पर्दछ । | ३५१०१९.६३ |
| | **सवारी साधनको पार्कीङ्ग शुल्कः**- बसपार्क टर्मिनल भवनको भुई तल्ला समेतको सवारी साधन पार्कीङ्ग शुल्क उठाउन स्थायी लेखा नम्बर नलिएको प्राकृति व्यक्ति श्री पदमराज सापकोटा, गौरीगंगा- ५ कैलालीसँग कबोल अंक रु.६५०११११।- (भ्याट बाहेक) स्वीकृत भई ३ किस्तामा उक्त रकम बुझाउने गरी सम्झौता भएको देखियो । सम्झौता अनुसार प्रथम किस्ता रु.२१६८०००।- नगदै बुझाएकोमा ठेक्का सम्झौता अनुसार प्रत्येक ४/४ महिनामा सम्झौता नविकरण गर्ने भनि उल्लेख भएकोमा दोस्रो चौमासिकमा निवेदन दिई ठेक्का रद्ध गर्न अनुरोध गरेको देखियो । कोभिड-१९ का कारण त्यसपछिको चौमासिकमा ठेक्का बापतको रकम नविकरण गरी उठाएको देखिएन ।अतःयस्ता ठेक्का बार्षिक रुपमा सम्झौता गरी आन्तरीक आय असूल गरिनु पर्दछ । | |
| | सम्झौताको शर्त नं. ११ अनुसार सवारी पार्कीङ्ग शुल्क उठाउन सम्झौता गरेका प्राकृतिक व्यक्ति (व्यक्तिगत स्थायी लेखा नं समेत नलिएको) ले ठेक्का स्वीकार गरेको ठेक्का अंक रु.२१६८०००।(भ्याट बाहेक) को मू.अ.कर ऐन २०५२ अनुसार लाग्ने १३ प्रतिशत ले हुन आउने कर रु.२८१८४०/- आन्तरिक राजश्व कार्यालय धनगढीमा बुझाई सो को प्रमाण उपमहानगरपालिका पेश गर्नुपर्नेमा कर दाखिला प्रमाण पेश भएन । नियमानुसार ठेक्का अंकको १३ प्रतिशतले हुने मू.अ.कर बापतको रकम दाखिला प्रमाण पेश हुनु पर्दछ रु. | २८१८४०.०० |
| | **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको फुलबारी डिपो बजार खानेपानी विस्ताव आयोजनाको कार्यको लागि रु.९६३१२७.२५ मष्टा बिल्डर्सलाई भुक्तानी भएको कर बिजक मा बिजक नम्बर नै नराखी ५० प्रतिशत कट्टा गरी रु.५५४०१.०० समेत भुक्तानी गरेको छ । तसर्थ उक्त निर्माण व्यवसायियले रितपूर्वकको कर बिजक बेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ५५४०१.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विजक वेगर मू.अ.कर थप भुक्तानी:-६८-२०७७।३।३१, उपमहानगरपालिका कार्यालय परीसरमा वगैचा निर्माणको लागि पवन कन्स्ट्रक्सनसँग रु.४९३०३९।- मा सम्झौता गरी ठेक्का वील रु.४३६३१८।- मूल्याङ्कन गरी सो मा १३ प्रतिशत मू.अ.कर रु.५६७२१।४० समेत रु.४९३०३९ भुक्तानी भएकोमा ठेकेदारले मू.अ.कर विजक नै जारी नगरी ठेक्का वीलमा थप मू.अ.कर जोडी भुक्तानी गरेको हुँदा मू.अ.कर नियमावली २०५३ अनुसार ठेकेदारले विजक जारी नगरी थप दिएको मू.अ.कर रकम असूल हुनुपर्ने रु. | ५६७२१।४० |
| | • उपभोक्ता समिति मार्फत कार्य | |
| ४५. | प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४६. | लागत सहभागिता – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४७. | जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विघुतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| सि.नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | केदार टोल अछाम सेवा समिति जाने सडक कालोपत्रे उ.स. | सडक कालोपत्रे | २६४८०७७.९२ | २३०००००.०० |
| २ | देवरिया सामुदायिक भवन उ.स. | भवन निर्माण | २२२६९१२.५४ | २००४२२१.२८ |



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३ | लोकराज ओझाको घरदेखि दिपक जोशीको घर सम्म सडक कालोपत्रे उ.स. | सडक कालोपत्रे | १५०१६७१.१५ | ४१२४९.१ |
| ४ | शिक्षानगर र ऐश्वर्या टोलमा सडक नि.उ.स. | सडक कालोपत्रे | ४१३२२३४.१७ | १८७२४४२.६७ |
| ५ | उत्तम जोशीको घरदेखि बसखेडा जाने सडक कालोपत्रे | सडक कालोपत्रे | ७१८६३६२.१२ | ५३४६१९३.८५ |
| ६ | भैरव बाबा स्कुल देखि बासुदेवी मावि जाने सडक कालोपत्रे उ.स. | सडक कालोपत्रे | ६०६६१४१.९ | ४५९५६३९.०७ |
| ७ | शिवनगर देखि दोधारा जाने सडक नि.उ.स. | सडक कालोपत्रे | ६०६०५५८.६७ | ४८५०००० |

नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**सशर्त कार्यक्रमतर्फ**

४८. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७३ सामुदायिक विद्यालयहरुमा ५२५ शिक्षक दरवन्दी र पदपूर्ति तथा २२१७१ विद्यार्थीको संख्या रहेको देखिन्छ । विद्यार्थि संख्याको आधारमा बढी विद्यार्थि भएका बिद्यालयहरुमा कम संख्या भएकाबाट समायोजन गर्नुपर्ने तथा न्युन विद्यार्थि भएकोमा नजिक रहेको विद्यालयमा मर्ज गर्नुपर्ने ।केहि न्यून विद्यार्थि तथा बढी शिक्षक भएका विद्यालयहरु देहायका छन् ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | शैलेश्वरी प्राथमिक विद्यालय,सरस्वती नगर | ५ | ५ | १ | ६७ |
| २ | नवज्योति प्राथमिक विद्यालय, तिल्कीचोक | ४ | ४ | २ | ३१ |
| ३ | गुम्बा छोईलिङ प्राथमिक विद्यालय, धनगढी | २ | २ | १ | १० |
| ४ | भगवति आ.वि. राजपुर | ४ | ४ | ३ | ३६ |
| ५ | भू.पु.सै.आ.भू.वि. | ३ | ३ | २ | २८ |

४९. **शिक्षक तलब वढी निकासाः** उपमहानगरपालिकाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक शिक्षीकाको तलव भत्ता खर्च वार्षिक तलवी विवरण पारित गरेर सो आधारमा वढी नहुने गरी विद्यालयगत मागफारम परीक्षण गरेर निकासा उपलव्ध गराउनु पर्दछ । निकासा विवरण भिडान गर्दा निम्न विद्यालयहरुलाई वढी निकासा गएको देखिएको हुदाँ उक्त निकासा रकम सँघिय सञ्चितकोष दाखिला हुनु पर्दछ ।　६१८१४

| भौ.नं. र मिति | विद्यालयको नाम | शिक्षकको नाम | निकाशा महिना | निकासा भएको | निकाशा हुनुपर्ने | फिर्ता गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३७. ७६।८।२२ | नवदुर्गा मा.वि. घोडसुवा | माया उपाध्याय | कार्तिक ।मंसिर | ७७५८० | १५५१६ | ६९९६ | उषा भण्डारी कार्तिक १८ मा हाजिर भएको |
| १३७. ०७६।११। ५ | शारदा मा.वि. वैयावेहडी | छाया श्रेष्ठ, गुरु प्रसाद चौधरी | कार्तिक ।मंसिर | २८८३२ ४ | ७६४८७ | ४५४३ ८ | रु. १६६३९८ तेस्रो चौमासिकमा कट्टी गरेको |
| १३८. ०७६।११। | शैलश्वरी प्रा.वि. सरस्वतिनगर | प्रभा सिं | चैत्र | ४९६२४ | ११८८७ | ९३८० | रु.२८०५७ तेस्रो चौमासिकमा कट्टी गरेको |

कार्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ५ | |
| | जम्मा ६१८१ | |
| ५०. | <u>दिवा खाजा:</u> कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६।७७ अनुसार स्थानीय तहले दिवाखाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका परीक्षामा सामेला भएको दिन समेत को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितीका अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । उप महानगरपालिकाले विद्यालयबाट एकमुष्ट रुपमा पेश गरेको जम्मा संख्या र दिनका आधारमा दुइ पटकमा गरी जम्मा रु. १९२८२७०० भुक्तानी गरेको देखिएकोले विद्यार्थी विद्यालयमा उपस्थित भए नभएको एकिन गर्नको लागि विद्यार्थी हाजिरी रजिष्टरको प्रमाणीत प्रतिलिपीको आधारमा मात्र भुक्तानी दिनुपर्दछ । | |
| ५१. | नि:शुल्क पाठ्यपुस्त अनुदानः कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६।७७ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरुलाई अनुदान दिन । यसरी अनुदान दिंदा पशिलो पटकमा विद्यार्थि संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने । २०७७ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले कोभिडको विश्वव्यापी महामारीको यस विषम परीस्थितिमा नयाँ शैक्षिक सत्र सञ्चालन नभएको, नयाँ विद्यार्थी भर्ना नभएको, जम्मा विद्यार्थी संख्या पनि एकिन नभइसकेको अवस्थामा पनि विद्यालय माग गरेको आधारमा विद्यार्थीको एकिन विवरण वेगर विद्यालयलाई पाठ्यपुस्तक वापतको दोस्रो किस्ता वापतको रकम रु.२६०७८२१ निकासा गरेकोले छ । | |
| | **नगरपालिका शिक्षा चालु:** | |
| ५२. | असुल गर्नुपर्नेः आधारभुत परीक्षा सञ्चालन खर्च कार्यक्रम अन्तगर्त श्री महादेव जोशीले कक्षा ८ परीक्षा व्यवस्थापनको लागि लिएको पेश्की उपमहानगरपालिका अन्तर्गत कक्षा ८ को विद्यार्थी संख्या ४४२६ जना उपस्थित भएको र विद्यार्थीको प्राप्ताङ्क इन्ट्रि बापत ४४२६ जनाको ९ विषयको ३९८३४ हुनुपर्नेमा ४५००० जनाको प्राप्ताङ्क इन्ट्रि गरेको भनि प्रति विद्यार्थी रु. १.५ का दरले रु. ६७५०० भुक्तानी दिएकोमा वढी विद्यार्थी संख्या ५१६६ जनाको रु. १.५ का दरले आउने रु. ७७४९ असुल गरी दाखिला गर्नुपर्दछ । | ७७४९.०० |
| ५३. | शिक्षा शाखामा रहेको छुट्टै कोष समायोजन गर्नेः नगरपालिकाले सञ्चालन गर्ने आधारभूत परीक्षा व्यवस्थापनका लागि उपमहानगरपालिका शिक्षा समितिको वैठकको निर्णयबाट संस्थागत विद्यालयका विद्यार्थीबाट परीक्षा व्यवस्थापनमा खर्च गर्ने गरी प्राप्त रकम साथै पुनर्योग र ग्रेडवृद्धि शुल्क वापत प्राप्त रकमलाई नगरपालिकाको कोषमा जम्मा नगरी शिक्षा युवा तथा खेलकुद महाशाखा मार्फत खाता सञ्चालन गरी खर्च गरेको देखिन्छ । सम्पूर्ण आम्दानी र खर्च नगरपालिका संचित कोषमा दाखिला गरी खर्च गर्नुपर्नेमा छुट्टा छुट्टै शाखाबाट कोष तथा खाता सञ्चालन गर्दा नगरपालिकाको आर्थिक क्रियाकलापमा एकरुपता आउदैन । तसर्थ यस प्रकारका कोष अन्त्य गरी सम्पूर्ण आम्दानी नगरपालिका कोषमा जम्मा गरी नगपालिकाको निर्णयबाट नै खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ । । | |
| ५४. | खर्च एकिन नभएकोः आप्रवाशन स्रोत केन्द्र सञ्चालन सम्बन्धमा उद्यमशिलता र रोजगारका लागि तालिम तथा परामर्श केन्द्रले धनगढी उपमहानगरपालिका, टिकापुर नगरपालिका, घडाघोडी नगरपालिका र | |



Scanned with CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | जानकी गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्ने समझदारी भएको देखिन्छ । केन्द्रले ४ वटै स्थानिय तहमा गर्ने कार्यक्रम स्वीकृत गराएको समेत देखिएन। भुक्तानीका लागि सहभागी बैठक, समझदारीमा उल्लेख भए अनुसारको खर्चमा साझेदारी लगाएतका सम्झौतामा उल्लेखीत कागजात वेगर कार्यसम्पन्न भएको भनि एउटै सामान्य (९पाना) प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदनमा आर्थिक प्रतिवेदन भनि जम्मा रु.२५९८४८५.२९ खर्च उल्लेख गरेको छ । स्वीकृत कार्यक्रम वेगर कार्यक्रम खर्च गरेको भनि उक्त केन्द्रले सोही प्रतिवेदन साथ पेश गरेको रु.२५९८४८५.२९ बिलका आधारमा कार्यालयले संस्थालाई भुक्तानी भएको छ । भुक्तानी रकमको दायित्व लागत साझेदारीमा हुनुपर्नेमा यस उपमहानगरपालिकाले मात्र व्यहोरेको देखियो । यस सम्बन्धमा निज सँस्थासँग गरेको सम्झौतामा उल्लेखित रकम कार्यक्रम सम्पन्न भएको एकिन हुने प्रमाण कागजात एवं प्रतिवेदनका आधारमा भुक्तानी हुनुपर्नेमा सो वेगर भुक्तानी भएको रु | २५९८४८५.२९ |
| ५५. | <u>कागजात पेश गर्नुपर्नेः</u> आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार कार्यालयमा पेश्की रकमको विल भर्पाईको विवरण सहित पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले पूर्वानन्द जोशीले क्षयरोग खोज पताल कार्यक्रमको लागि लिएको पेश्की रकम रु.६४००० को कुनै कागजात विना नै पेश्की फछ्र्यौट गरेकोले सो को कागजात पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ६४०००.०० |
| ५६. | **वैठक भत्ताः** रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम १४ अनुसार गठित स्थानिय निर्देशक समितिका पदाधिकारीले वैठक वापतको भत्ता पाउने सम्बन्धी कुनै कुरा उल्लेख नगरेको अवस्थामा यस उपमहानगरपालिका अन्तर्गत स्थानिय निर्देशक समितका पदाधिकारीले तपसिल अनुसार वैठक भत्ता लिएकोले उक्त रकम नियम सम्मत नदेखिको रु | ५१०००.०० |

| सि.नं. | नाम थर | बैठक संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | नृप बहादुर वड | ५ | १५०० | ७५०० |
| २ | शुशिला मित्र भट्ट | ४ | १५०० | ६००० |
| ३ | नारायण प्रसाद सापकोटा | ४ | १५०० | ६००० |
| ४ | सन्तोष मुडभरी | २ | १५०० | ३००० |
| ५ | दीज राज भट्ट | ५ | १५०० | ७५०० |
| ६ | चन्द्र बहादुर महरा | ५ | १५०० | ७५०० |
| ७ | सत्य साज जोशी | ३ | १५०० | ४५०० |
| ८ | निर्मल कुमार देउवा | २ | १५०० | ३००० |
| ९ | सुयश चन्द | २ | १५०० | ३००० |
| १० | सुरेन्द्र कार्की | १ | १५०० | १५०० |
| ११ | डील्ली राज ओझा | १ | १५०० | १५०० |
| | जम्मा | | | ५१००० |

| | | |
|---|---|---|
| ५७. | **करार कर्मचारीलाई तलब भुक्तानः** संघीय सरकारबाट हस्तान्तरित वजेट तोकीएको मार्गदर्शनका आधारमा तोकीएकै कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्दछ । उपमहानगरपालिकाले स्थानिय तहका स्वास्थ्य तर्फका २१ जना कर्मचारीलाई फाल्गुण महिनाको तलव भत्ता वापत रु.५२५८०५ संघीय सरकारको शसर्त अनुदानबाट भुक्तान गरेको छ। शिर्षक फरक पारी खर्च लेख्ने अख्तियारी वेगर भुक्तानी भएको उक्त रकम अनियमित देखिएको रु | ५२५८०५.०० |
| ५८. | **कोष विवरण सम्वन्धमाः** उपमहानगरपालिकामा रहेका कर्मचारी कल्याणकोष, वातावरण कोष, विपद | |



Scanned with CamScanner

कार्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली । आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवस्थापन कोष तथा मर्मत सम्भार कोष हरुको आम्दानी ,खर्च तथा मौज्दात विवरण स्पष्ट देखिने गरी आर्थिक विवरण तथा अन्य विवरण वनाई पेश गर्नुपर्नेमा विवरण पेश भएन कोषहरुको छुट्टै आर्थिक विवरण तयार गर्ने तथा कार्यविधि तथा कार्ययोजना वेगर गरिने खर्च नियन्त्रण हुनुपर्दछ। | |
| ५९. | **वातावरण कोषः** गो भौ न ५।२०७६।११।१५बाट स्मृति वाटिका निर्माण वापत **Enrich Nepal Kathmandu** लाई रु ३७५०००। भुक्तानी गरेको छ। संस्थासँगको सम्झौतामा कम्तीमा १००० विरुवा वृक्षारोपण सफल भईसकेपछि कार्यसम्पन्न प्रतिवेदन तयार गरी रकम भुक्तानी हुने व्यवस्था छ ।सम्झौतामा उल्लेखित विरुवा रोपण कार्य , हुर्केका बोटविरुवा लगायत वाटिका निर्माणको प्रगती प्रतिवेदन विना एकमुष्ट वाटिका निर्माण भएको भनि स्वीकार प्रतिवेदन तयार गरेको छ । कार्यसम्पन्न भईसकेपछि अनुगमन प्रतिवेदन रिपोर्टका आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही आधारमा रकम भुक्तानी हुनुपर्नेमा सो भएको देखिएन।अतः स्पष्ट रुपमा कार्यकम समपन्न भएको विवरण विना नै भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु | ३७५००० |
| | **प्रकोप व्यवस्थापन खर्च** | |
| ६०. | **कोभिड व्यवस्थापन खर्च सम्वन्धमाः** कार्यालयले कोभिड प्रकोप व्यवस्थान सन्दर्भमा प्रयोगशाला निर्माण रु ११५६७५।, क्वारेन्टिन निर्माण १४४८९१९।, क्वारेन्टिनमा प्रयोग हुने सामाग्री खरिद रु ५७८४००।,क्वारेन्टिनमा वस्नेको खाना खर्च रु१३२४९३०।, आईसोलेशन निर्माण तयारी रु१९०८५४७।,आईसोलेशन खाना खर्च रु९३३१६५।, औषधि जन्य सामान रु ३०७४७४८।, एम्वुलेन्स सँञ्चालन तथा व्यवस्थापन खर्च रु ७५९१३६।,राहत वितरण रु ९३१९९८७।, जोखिम भत्ता ३४५०१४२।, अन्य खर्चमा रु १४३८८५७.६६ गरी जम्मा रु २४३५२५०६.६६ खर्च भएको विवरण पेश भएको छ ।एकमुष्ट रुपमा खर्च देखाईएको उक्त रकम कहाँ कहाँ कसोरी खर्च भएको हो खुल्दैन । अतः सवुद प्रमाण एकिन नगरी हुने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।कोभिड कोषमा प्रदेश सरकार, सँघिय सरकार ,अन्य निकायगत अनुदान पटक पटक प्राप्त भएकोमा सो को निकायगत प्राप्ती एवँ शिर्षकगत खर्चको विस्तृत विवरण उपमहानगरपालिकाले तयार गरेको छैन ।औषधि लगायतका स्वास्थ्य सामाग्री खरिद एवँ वितरण, राहात वितरण, क्वारेन्टिन सँञ्चालन खर्च लगायतका शिर्षकगत खर्च पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था छैन । शिर्षक नखुलाई अन्य विविध खर्चको रकम रु१४ लाख ३८ हजार देखिनुले कोभिड-१९ रोकथाममा निकायले गरेको खर्च पारदर्शी छैन । | |
| ६१. | **दोहोरो भत्ताः** कोरोना भाईरसको उपचारमा सँलग्न जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ वमोजिम कोभिड व्यवस्थापनमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई नियमानुसार भत्ता उपलव्ध गराएकोमा निम्न कर्मचारीहरुले नियमित रुपमा लिईदै आएको कार्यसम्पादन मूल्याङ्कनका आधारमा दिने भत्ता समेत भुक्तानी भएको देखियो । अतः कार्यसम्पादन आधार थप प्रोत्साहन वापत दिने भत्ता दोहोरो नपर्ने गरी भुक्तानी हुनुपर्नेमा स्वास्थ्य शाखामा कार्यरत कर्मचारीको हकमा दोहोरो देखिएकोले प्रोत्साहन भत्ता खर्च लेख्दा दोहोरो नपर्ने गरी नियन्त्रण हुनुपर्छ । कार्य सम्पादन सम्बन्धी एकिन विवरण वेगर यस्तो रकम खर्च लेखेको नियमित हुनुपर्ने रु. | ४५०२१०.०० |

| पद, नाम | विवरण | प्रोत्साहन भत्ता वुझेको रकम रु | कर कट्टी पछिको खुद रकम |
|---|---|---|---|
| प्र.प्र.अ.नारायण प्रसाद सापकोटा | चैत्र,वैशाख,जेठ,असार | २४२२८ | २०५९४ |
| सि अ हे व अ कुम्भराज शर्मा | चैत्र,वैशाख,जेठ,असार | २८७९४ | २४४७५ |

र्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली । आ.व. २०७६।७७

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| सि अ हे ब अ देवनारायण सिँह | चैत्र,वैशाख,जेठ | २१०५५.५० | १७८९७ |
| सि अ हे ब अ पूर्णानन्द जोशी | चैत्र,वैशाख,जेठ | २१०५५.५० | १७८९७ |
| अ नि मि नी विद्या कुमारी चन्द | चैत्र,वैशाख,जेठ,असार | २८०७४ | २३८६३ |
| सि अ हे व अ लक्ष्मीराज उपाध्याय | चैत्र,वैशाख,जेठ.असार | २८०७४ | २३८६३ |
| सि अ हे ब अ सँगिता देवि कार्की | चैत्र,वैशाख,जेठ | २१०५५.५० | १७८९७ |
| ज स्वा नि छैटौं मनोज कुमार ओझा | चैत्र,वैशाख,जेठ | १८८९५.५० | १६०६१ |
| ज स्वा नि छैटौं रमेश घर्ति | चैत्र,वैशाख,जेठ | १८३५५.५० | १५६०२ |
| ज स्वा नि छैटौं भपेन्द्र सिँह महरा | चैत्र,वैशाख,जेठ | १७८१५.५० | १५१४३ |
| अ न मि सूलोचना | चैत्र,वैशाख,जेठ | १८८९५.५० | १६०६१ |
| सि अ न नि गिता रिजाल भट्ट | चैत्र,वैशाख,जेठ.असार | २३०३४ | १९५७९ |
| हे अ योगेश कुमार अवस्थी | चैत्र,वैशाख,जेठ | १७२७५.५० | १४६८४ |
| सि अ छैटौं भोजराज अवस्थी | चैत्र,वैशाख,जेठ | २१०५५.५० | १७८९७ |
| अ न मि पा गौरादेवि मल्ल | चैत्र,वैशाख,जेठ | १६४९७ | १४०२२ |
| हे अ कृष्ण दत्त पन्त | चैत्र,वैशाख,जेठ | १५६५१ | १३३०३ |
| अ हे व पाचौं रामचन्द्र जैशी | चैत्र,वैशाख,जेठ | १६०७४ | १३६६३ |
| अ न मि पाचौं सरिता देवि वखरिया | चैत्र,वैशाख,जेठ | १५२२८ | १२९४४ |
| अ न मि पाचौं भुवनदवि शाह | चैत्र,वैशाख,जेठ | १५२२८ | १२९४४ |
| अ न मि पाचौं पार्वती अवस्थी | चैत्र,वैशाख,जेठ | १५६५१ | १३३०३ |
| अ न मि पाचौं मधु जोशी | चैत्र,वैशाख,जेठ | १६७७६ | १४२६० |
| हे अ पाचौं फरेन्द्र राज कुश्मी | चैत्र,वैशाख,जेठ,असार | १९७४० | १६७७९ |
| अ हे व मञ्जु ठकूल्ला | चैत्र,वैशाख,जेठ | १४३६९ | १२२१४ |
| अ हे व चौथो डेपुराम राना | चैत्र,वैशाख,जेठ | १४३६९.४० | १२२१४ |
| अ हे व चौथो जानुका कार्की | चैत्र,वैशाख,जेठ | १४३६९.४० | १२२१४ |
| अ न मि चौथो राधाकुमारी कठायत | चैत्र,वैशाख,जेठ | १४३६९.४० | १२२१४ |
| अ न मि चौथो अस्मिता लम्साल | चैत्र,वैशाख,जेठ | १३५७१.१० | ११५३५ |
| का स पा लाल वहादुर खड्का | चैत्र,वैशाख,जेठ | १३९५० | ११८५८ |
| मे.अ.डा.सिद्धराज आचार्य | असार | ६१५३ | ५२३० |
| | जम्मा | | ४५०२१०.०० |

६२. **भाडा रकमः** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६को नियम ३७.१मा वजेट तोकिएको सिमाभित्र रहि मितव्ययी ढँगले खर्च गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले वजार खरिद मूल्य भन्दा वढी पर्ने गरी क्वारेन्टाईन व्यवस्थापन सामाग्री ५० दिनलाई भाडामा लिएको देखिन्छ । यसरी मितव्ययी अवसर हुदा हुदै महँगो गरी लिएको भाडा वापतको भुक्तानी नियमसम्मत नदेखिएको रु. — ७८१२००.००

| गो भौ न।फर्मको नाम | भाडा विवरण | रकम रु |
|---|---|---|
| ७२।२०७७।३।४ | गद्दा , तकिया , कार्पेट | ३०६९०० |
| १९४।२०७७।३।२६ | गद्दा , तकिया , कार्पेट | ४७४३०० |
| | जम्मा | ७८१२०० |

६३. **औषधी खरिद** - खरिद गरेका औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरेको, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | |

**६४.** **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका बेरोजागरी निवेदनलाई छानविन गरी बेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा पाइपलाईन विस्तार, सडक स्तरोन्नती, नालि मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी १९८ जनालाई समग्रमा १३३६ दिन र औषतमा ३३.४ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रु.२६०९५५३ खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा वजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | रोजगारी प्राप्त गरेको दिन | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|---|
| १६ | वेहडावावा खानेपानी पाइपलाइन विस्तार | ४० | ३७ | ७७१२५५ | ७६५१६० |
| १५ | मोहना रानाको घरदेखि शिवनारायण राना घरहुँदै सुरदेव राना घरसम्म र नमुना सहकारी देखि नदी सम्म सडक मर्मत र ग्राभेल विछ्याउने | ४० | ३३ | ९७६५९६ | ७२८४५३ |
| ७ | देवारिया सामदुदायिक वन देखि पटेला जाने सडक | ३८ | २९ | ५६०९४५ | ५६०९४५ |
| १९ | सिमाना रिङ्गरोड नाली निर्माण | ४० | ३८ | ८००६५४ | ७८५०४० |
| १२ | सडकहरुको नाली खन्ने र ग्राभेल गर्ने काम वडा भरी | ४० | ३१ | ६१००६० | ६१००६० |
| | जम्मा | १९८ | | ३७१९५०१ | ३४४९६५८ |

**६५.** नगरपालिकाले वेहडावावा खानेपानी पाइपलाइन विस्तार योजना सञ्चालन गरेको भनि पारीश्रमिक वापत रु.७६५१६० र मेसिनरी औजार वापत रु. ६०९५ समेत रु.७७१२५५ खर्च लेखेको छ । पाइपलाइन विस्तार योजनामा पाइप खरीद गरेको वा अन्य निकायबाट पाइप हस्तान्तरण भइ आएको विवरण समेत उपलब्ध भएको देखिदैन । साथै कुनै माध्यमबाट योजनालाई पाइप उपलब्ध भएको हो भने त्यसको

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | जिन्सी दाखिला गरी प्राप्त पाइपको नापी किताबमा खर्च जनाएपश्चात मात्र खर्च गर्नुपर्नेमा त्यस्तो भएको पनि देखिदैन । तसर्थ पाइपलाइन विस्तार योजना कार्यान्वयन भएकोमा एकिन हुने आधार प्रमाण नदेखिएको हुँदा भुक्तानी भएको रकम अनियमित देखिएको रु. | ७७१२५५.०० |
| | समानीकरण पूँजिगततर्फ | |
| ६६. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.१ करोड ६८ लाख ४७ हजारका ८ वटा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |
| ६७. | **कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु ....... कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन । | |
| ६८. | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ६९. | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ७०. | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको | |



Scanned with CamScanner

| क्र | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पाइएन । सो सम्बन्धमा कार्यालयको ध्यान जानुपर्ने देखियो । | |

**योजना परिर्वतन :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार नगरसभाबाट पारित भएका योजना मध्ये ५ वटा योजना परिर्वतन गरी ९ गोटा योजना सञ्चालन गरेको देखियो । योजना परिर्वतन गर्नुपर्नाको कारण उल्लेख छैन । नगरसभाबाट पारित भएका योजनाहरु कार्यकारी निर्णयबाट संशोधित गरी खर्च गर्ने परम्परा नियन्त्रण हुनुपर्दछ ।

| नगरसभाबाट पारित योजना | रकम रु.हजारमा | कार्यकारी निर्णयबाट संशोधित योजना | रकम रु.हजारमा |
|---|---|---|---|
| वडा नं१८ मा पर्व संचालन | ३५ | विशालनगर चौहानको घरसम्म कालोपत्रे | २०० |
| बेहडाबाबा मावि भवन निर्माण | ५०० | वडा १३ मा मेशिनरी तथा औजार खरिद | १०० |
| भुपेन्द्र बोहराको घर सम्म कालोपत्रे | २०० | शिवपुरीमा माटो भरान | २०० |
| सरस्वती मावि मनेहरा भवन निर्माण | १९४०.४१ | वडा १६ कार्यालयको फुटपात निर्माण | २०० |
| प्रहरी चौकीलाई फर्निचर र जस्ता खरिद | १०० | केशव विष्टको घरसम्म कालोपत्रे | १०६ |
| | | विविध खर्च | ३५ |
| | | सरस्वती मावि मनेहरा भवन निर्माण | १३५९.४१ |
| | | जेष्ठ नागरीक भवन निर्माण | ४७५ |
| | | वडा १९ को कार्यालयमा फर्निचर तथा फक्चर्स खरिद | १०० |
| जम्मा | २७७५.४१ | जम्मा | २७७५.४१ |

७२. **योजना कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना तर्जुमा एंव स्वीकृत गर्दा सरभागिता मूलक,उत्पादन मूलक र प्रतिफल प्रास योजना छनौट गरी प्राथमिकिकरणका आधारमा योजना स्वीकृत गर्नुपर्ने व्यवस्था उल्लेख छ । साथै योजना बनाउदाँ मध्यम र दिर्घकालिन प्रबृतिका योजनाको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था भएकोमा सो अनुसार उप महानगरपालिकाले योजनाको प्राथमिकरण गर्न नसकेको,प्रतिफल दिन सक्ने उत्पादन मूलक योजना कार्यान्वयन गर्नुको सट्टा वितरणमूखी, वास्पीकरण हुने खालका नतिजा एकिन गर्न नसकिने योजनालाई बढावा दिएको अवस्था छ । यस्ता योजना सालवसाली कार्यान्वयन गरी सम्पन्न हुन नसकेका,गरे भएको लगानी अधुरा अपुरो अवस्थामा यथास्थीतिमा छोडेकोले अनुत्पादनक लगानी भएको अवस्था कायम छ । दिर्घकालीन महत्वका बहुवर्षिय योजनामा लगानी बढाउने तर्फ उपमहानगरपालिकाको ध्यान जानु पर्दछ ।

७३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परीच्छेद ९ (६२ क) अनुसार IEEA भएका नदी खोलाबाट उपमहानगरपालिकाले यसवर्ष रोयल्टी उठाउन सम्झौता गरेको ठेकेदार गरुण निर्माण सेवा धनगढी ११ कैलाली सँग मोहना नदीबाट ४०६५२ ध.मी., खुटीया नदीबाट ६४३१५ घ.मी. शिवगँगा नदीबाट ३२४०० घ.मी. र धुरही नदीबाट २१६०० घ.मी. गरी जम्मा १५८९६८ घ.मी. ढुंगा गिटी बालुवा माटो जस्ता नदीजन्य पदार्थ उत्खनन गर्न पाउने गरी २०७६ आश्विन १ देखि जेष्ट ३०, २०७७ सम्मको लागि २०७६।५।२९ मा सम्झौता गरेकोमा कुन कुन नदिवाट के कति परीमाणमा नदिजन्य पदार्थ संकलन गर्यो सोको अभिलेख राखेको छैन । जिल्ला प्रशासन कार्यालय कैलाली र जिल्ला प्रहरी कार्यालय कैलालीबाट आकश्मिक अनुगमन निरीक्षण गर्ने, विवादको सहजीकरण गरेको देखिएता पनि नगरपालिकाले ठेक्काको IEE ले निर्दिष्ट गरे अनुसारको भौगोलिक अवस्था, नदिजन्य पदार्थको उत्खनन



Scanned with CamScanner

| | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संकलन पुल जन्य संरचनालाई असर पर्ने गरी गरे भएका कार्यहरुको अवस्था , रोयल्टी दर, परीमाण जस्ता संवेदनशिल विषयमा अनुगमन गर्ने गरेको छैन । ठेकेदारको संकलन कार्यको नियमित अनुगमन गर्ने निर्देशन दिने, मासीक खर्च गरेको रसिद तथा संकलन परीमाण सहितको प्रतिवेदन लिई सोको अनुगमन हुनु पर्दछ । | |
| | **जिन्सी व्यवस्थापनः-** सुदुर पश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यालयमा खरीद एवं प्राप्ती भएका जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नुपर्ने व्यवस्था अनुसार उपमहानगरपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावधिक विवरण सहितको जिन्सी प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदन अनुसार मर्मत तथा लिलाम गर्नुपर्ने सामानको सूची अत्यन्तै ठूलो रहेकोले कानूनी व्यवस्था अनुसार मर्मत गर्नुपर्ने सामानको ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामानको हकमा ६ महिना भित्र लिलाम गर्नुपर्ने तोकेकोमा सो अनुसार मर्मत तथा लिलामको कार्वाही गरेको छैन । मर्मत गर्नुपर्ने सामानहरुमा जिप ५ वटा, दमकल २ गोटा, व्याकू लोडर-२, टिपर-४, टयाक्टर ट्रली- ४ गोटा, मोटरसाईकल-५५, कम्प्युटर-४५, ल्यापटप-२५ गोटा प्रिन्टर-३० गोटा लगायतका विभिन्न २३ प्रकारका ३१७ थान खर्च भएर नजाने सम्पत्ती मर्मत हुन नसकी बेकाममा रहेको, त्यसैगरी टिपर, भ्याकूलोडर, दमकल, फर्निजनर, कम्प्यूटरु, ल्यापटप, मोटरसाईकल लगायतका ७९ किसिमका ३११ थान सामानहरु प्रयोगमा आउन नसक्ने भनी लिलाम गर्नुपर्ने सिफारिसका साथ २०७७।४।३२ मा पेश भएको जिन्सी प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा कैफीयत उल्लेख भएका जिन्सी सामानको अवस्था हेर्दा उपमहानगरपालिका डम्पीङ्ग साईटको रुपमा परीणत हँदै गएको अवस्था देखियो । नियमानुसार मर्मत गरेर प्रयोगमा ल्याउन सकिने सामान यथासक्य मर्मत गरेर प्रयोगमा ल्याउनुपर्ने र प्रयोगमा ल्याउन नमिल्ने देखिएका सामानहरु लिलाम गर्ने प्रकृया अविलम्ब थालि जिन्सी अद्यावधिक गर्नु पर्दछ । | |
| ७५. | **ठेक्काको रकम भुक्तानी गर्दा विल वेगर P.S.Item भुक्तानी भएकोः-** सावजनिक खरीद ऐन, २०६३ तथा नियमावली २०६४ मा निर्मण कार्य गराउदा १० लाख भन्दा माथिका ठेक्काको ल.ई. मा विमा अनिवार्य गर्नुपर्ने र विमा लगायतका आकस्मिक कार्य गुणस्तर परीक्षण कार्य, as build of drawing का कार्यका लागि ल.ई. मा Provision sum को व्यवस्था गर्नुपर्ने उल्लेख छ । कार्यालयले अधिकांश निर्माणका ठेक्कामा यस्तो व्यवस्था गरेको छैन । प्रोभिजनल सममा ठेक्का स्वीकृत हुँदा समावेश विमा, गुणस्तर परीक्षण तथा As Build drawing जस्ता आइटमको भुक्तानी वास्तविक विलको आधारमा गर्नुपर्नेमा कार्यालयले ठेक्काको रनिङ्ग बीलमा विलविजक वेगर यस्ता P.S.Item समावेश गरी भुक्तानीदिएको देखियो । विजक वेगर रनिङ्ग विलबाट भुक्तानी गएको यस्ता रकमको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | १०२८६७९.८१ |

| भौ.नं. र मिति | योजना | व्यवसायी | रकम |
|---|---|---|---|
| ५८६-२०७७।३।२ | वार्ड नं.१२ वडा का भवन | निरज एम.डि. ग्रुप कन्स्ट्रक्सन | १५२९८७ |
| १२२९-२०७७।३।३१ | जोखैया पूल निर्माण वार्ड नं. ११ | के एस कन्स्ट्रक्सन प्रा.ली. | ७३७००० |
| १२७४-२०७७।३।३१ | तौलाद ताल संरक्षण कार्य वार्ड नं.८ | रोयल पवन जे.भी. | १३८६९२.८१ |
| | | जम्मा | १०२८६७९.८१ |

| | | |
|---|---|---|
| ७६. | नेपाल सरकारको निर्णय अनुसार पूनः निर्माण तथा पुनःस्थापना कार्यक्रमलाई स्थानीय तहबाट कार्यान्वयन गर्ने व्यवस्था भए बमोजिम साविक जिल्ला प्राविधिक कार्यालय कैलालीबाट २०७३।१।२४ मा बिधिवत रुपमा हस्तान्तरण भै आएका योजनाहरुमध्ये जिल्ला समन्वय समिति कार्यालय कैलालीको भवन ठेक्का नं. | |



Scanned with CamScanner

कार्यालयको नामः धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | DTO/KAI/NCB/BLD/09/073/74 स्वीकृत ल. ई. अनुसार निर्माण व्यवसायी श्री कुमार श्रेष्ठ/उच्चकोटी जे.भी. सँग २०७४।१।२७ को सूचना अनुसार ठेक्का भई रु.६५७७४११६.७९ (भ्याट सहित) सँग संघीय सरकारको विशेश अनुदानबाट कार्यान्वयन गर्ने गरी साविकको जिल्ला समन्वय समितिको कम्पाउण्डबाट धनगढी उपमहानगरपालिकाको कम्पाउण्ड परीसरमा भवन निर्माणको Site Change को निर्णय गरी पेन्थिन लेवल यरीया ३३६.८० वर्ग मी., ५६ कोठे ५ तले भवन, निर्माण ठेक्का सम्झौता भएको १३ महिना पछाडी टुँगो लागेको देखियो । site को ठेगाना नै नभई ठेकेदार सँग सम्झौता गरेर निज ठेकेदारलाई रु.९५०००००।- पेश्की उपलब्ध समेत गराएको छ । २०७५।५।११ मा ठेकेदारले उपमहानगरपालिकाले सो भवन निर्माण गर्न सम्झौता भएको १३ महिना सम्म निर्माण कार्य सम्पन्न नभएको site उपलब्ध गराई पाउँ भनी कार्यालयमा निवेदन पेश गरेको देखियो । ठेक्का सम्झौत भएको (२०७३।३।२७ गतेबाट) करिब १८ महिना मिति २०७५।९।२५ BoQ मा नभएको Share wall निर्माणको खर्चको variation रु.५३५७४९।२६ थप हुने निर्माण कार्य गर्दा भवनको अन्य डिजाइन फेरवदल नहुने डिजाइन र भेरीएशन २०७५।९।२६ मा स्वीकृत गरेको र कार्य शुरु मै भेरीएशन थप दिने निर्णय उचित देखिएन । भवन निर्माणको कार्य प्रारम्भ नै नहुँदै भेरिएसन थप भुक्तानी अनियमित देखिएको रु.<br>**कार्यालयको भनाई:**तत्कालिन जिल्ला विकास समितिको कार्यालयबाट (जिल्ला प्राविधिक कार्यालयबाट) हस्तान्तरण भई आएकोले कार्यालयको आवश्यकता अनुसार डिजाईन परिवर्तन गरिएको । | ५३५७४९.२६ |
| ७७. | उप-महानगरपालिकाको २०७५।५।३० को नगर कार्यपालिकाको २३ औ वैठकको निर्णय अनुसार २०७५।६।१ मा भवन निर्माणको कार्यादेश दिएको छ । यसरी भवनको कायदिश दिने समयमा २४ महिनाको ठेक्का सम्झौतामा उल्लेखीत म्याद समाप्त भएको छ । भने कृषि विकास वैंक लि.को १० अगष्ट २०२० सम्म कायम रहेको रु.३२८९०००।- को कार्यसम्पादन जमानत को म्याद समेत समाप्त भएको छ । हालसम्म पेश्की वाहेक रु.४४७६५७८९.५६ भुक्तानी भएको छ । सम्झौता पश्चात तत्कालीन जिल्ला प्राविधिक कार्यालयबाट मिति २०७३ आषाढ २७ गते ठेक्का व्यवस्थापन भएको उप-महानगरपालिकाको भवन निर्माण कार्यको वित्तीय प्रगतिको आधारमा ४२ प्रतिशत कार्य भएको छ । हाल ठेकेदारले कार्यसम्पादन जमानत तथा पेश्की जमानतको म्याद थप गरी अद्यावधिक गरेको भएतापनी सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम वीमा गर्नुपर्नेमा वीमा गरेको काजगता प्राप्त भएको छैन । त्यसैगरी सामाग्रीको ल्याव परीक्षणको प्रतिवेदन प्रत्येक रनिङ्ग विलमा समावेश गर्नुपर्नेमा ल्याव परीक्षण प्रतिवेदन राख्ने गरेको छैन । | |

Scanned with CamScanner

| फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| |   गत बर्ष लेखारीक्षणको क्रममा लिएको फोटो,     यस बर्षको लेखापरीक्षणको क्रममा लिएको फोटो | |
| ७८. | साथै निर्माण कार्यको सम्झौता प्रति प्राप्त नहुँदा ठेक्काको म्याद सम्बन्धमा एकिन हुन सकिएन । समयमा नै कार्यसम्पन्न गर्न कार्यालयको ध्यान जानु पर्नेमा आर्थकि वर्ष २०७६।७७ को वजेटमा यस भवनको लागि बजेट विनियोजन भएको देखिएन । भवन निर्माणको साइट नै निश्चित नगरी ठेक्का सम्झौता गर्ने तत्कालिन डि.ई. श्री मनिस राज अर्याललाई सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली २०६४ नियम अनुसार विभागीय कार्वाही हुनु पर्दछ । ठेकेदारले हालसम्म पनि निर्माण कार्यको प्रगति गर्न नसकेको, Finishing को कार्य जारी रहेको अवस्था छ । उक्त भवनको हाल ठेक्काको म्याद समाप्त भएको, अवस्थामा सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली २०६४ अनुसार म्याद थप नभएको, कार्यसम्पादन जमानतको म्याद एडभान्स पेमेन्ट सेक्युरेटीको म्याद (७५०००००) लगायतका विमा पोलीसी समेतको म्याद नविकरण गरी सम्झौताको GCC 47.1 अनुसारको पूर्व निर्धारित क्षतिपूर्ति सम्झौता रकम रु.५८२०७१८३।- (भ्याट वाहेक) अधिकतम १० प्रतिशत ले हुने रु.५८२०७१८।३० हर्जना असूल गरी ठेकेदारलाई Revise Work Schedule पेश गर्न लगाई आवश्यकता अनुसार म्याद थप समेत गरी अधुरो प्रशासनीक भवनको कार्य सम्पन्न गर्नुपर्दछ । | ५८२०७१८.३० |
| ७९. | ५८६-२०७७।३।२ वार्ड नं. १२ को वडा कार्यालय भवन निर्माण कार्य निर्माण व्यवसायी श्री निरज एण्ड डि ग्रुप कन्स्ट्रक्सन सँग रु.९१२३८८३।- मा ठेक्का सम्झौता भएकोमा ठेकेदारले पेश गरेको प्रथम रनिङ्ग विलबाट रु.२८०९७५५।- दोस्रोबाट रु.२७२०२५७।- समेत रु.५५३००१२।- भुक्तानी भएकोमा तेस्रो रनिङ्ग बीलको भुक्तानी मापन गर्दा अघिल्ला रनिङ्ग को जिम्मेवारि फरक पारी रु.६२५७८६२।४८ को विलिङ्ग भई तेस्रोको मापन रु.१०७४९१२।- समेत हालसम्मको भुक्तानी रु.६६०४९२४।- हुनुपर्नेमा रु.६६७३२५५।५४ ठेकेदारको वील पेश भएको देखियो । विलको जिम्मेवारी बढी सारेको रु.६८३३१।- देखियो । सोही कामको LOOS M.B. मा निर्माण कार्यको मापन मूल्याङ्कन रु. ६४६६४९३।- प्रमाणीत भएको देखिएकोले ठेकेदारको रनिङ्ग वील र नापी किताबमा मापन मूल्याङ्कन फरक पारी बढी भुक्तानी भएको रु.१३८४३१ र विलको जिम्मेवारी बढी मापन भएको रु.६८३३१।- समेत रु.२०६७६२।-असूल गर्नेपर्ने रु. | २०६७६२.०० |
| ८०. | ११-२०७६।६।१२ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ नियम ४१(८) मा गतवर्षको भुक्तानी गर्न बाँकी दायीत्व चालु आ.व. का कार्यक्रम नघट्ने गरी बजेट व्यवस्था हुन सकेमा भुक्तानी दिन बाँकी को कच्चावारी आधिकारीक निकायबाट प्रमाणित गरेको आधारमा चालु वर्षको वजेटवाट | |

र्यालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।                                                  आ.व. २०७६।७७

| फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भुक्तानी दिन सकिने ब्यवस्था छ । उपमहानगरपालिकाले पथरी सामुदायिक भवन देखी उत्तर जाने बाटो कालोपत्रे (वार्ड नं.१७) गर्न स्वीकृत ल.ई. रु.५०१५९४८।१३ रहेको कार्य ठेकेदार रीतिरिवाज कन्स्ट्रक्सन प्रा.ली. लाई रु.४४११३००।४१ मा सम्झौता भई गत आ.व.मा अन्तिम रनिङ्ग बीलबाट रु.४२८२९८१।- आंशिक भुक्तानी भएको बाँकी निर्माणको बिल रु.१२८३१९।४१ पछिल्लो वर्षलाई भुक्तानी दिन बाँकी जिम्मेवारी प्रमाणित बेगर यस वर्ष भुक्तानी भएको छ । यस्ता रकम खर्च लेख्दा गत वर्षको भुक्तानी दिन बाँकी विवरण प्रमाणित गरेर सो आधारमा खर्च लेख्नुपर्नेमा प्रमाण बेगर खर्च लेखेको तथा उक्त भुक्तानीमा आयकर ऐन, २०५८ दफा ८८ अनुसार अग्रिम कर रु.१९२५।- तथा मू.अ.कर ऐन २०५२ अनुसार मू.अ.कर ५० प्रतिशतले हुने रकम रु.१६६८१.५३कट्टी नगरी भुक्तानी भएकोले दाखिला प्रमाण पेश हुनुपर्दछ । | १८६०६.५३ |
| १. | २२-२०७६।६।१४, पशुपति टोल पुरानो सनराइज स्कुल देखी डबल मल्लको घरसम्मको सडक कालोपत्रे उप-महानगरपालिकालाई आ.व. २०७५।७६ मा १५ लाखको निर्माण सम्झौता भइ रु.८०६०८०।९९ अन्तिम बिल भुक्तानी भएकोमा गत आ.व.को भुक्तानी दिन बाँकी प्रमाणित नगरी चालु आ.व. मा भैपरी आउने विविध शिर्षकबाट गत वर्षको बाँकी बिल रु.६४१४६३।५१ भुक्तानी भएकोले भुक्तानी बाँकी को प्रमाणित कागजात पेश हुनुपर्ने रु. | ६४१४६३.५१ |
| ८२. | ८६-२०७७।३।३१, परीम टोल कालोपत्रे सडक निर्माण उपभोक्ता समितिसँग नगरपालिकाबाट रु.२३ लाख तथा उपभोक्ताको अंश ५८२०२८।- समेत रु. २८८२०२८।- को सम्झौता भई सडक कालोपत्रे कार्य भएकोमा करीव ६६ प्रतिशत कार्य सम्पन्न भएको भनी नापजाँच गरी प्रथम किस्ता रु.१५३२३९४।४० बराबरको Lose M.B.मा Change 0+0-0+11 सम्म २०४.३८ घ.मी. मापन मूल्याङ्कन भई उपभोक्ताको बिलमा १९१५४९३।- कार्य भएको मूल्याङ्कनको बील पेश गरी पुरै रु. २३०००००।- भुक्तानी भएको छ । यसरी नापी किताब र उपभोक्ता समितिको बिलमा फरक पारी वढी भुक्तानी भएको रु. | ७६७६०५.६० |
| ८३. | **खाल्टाखुल्टी पूर्न इन्धन खर्च:-** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार खर्च भएका श्रेस्ता कागजात प्रमाणित गरी श्रेस्ता अद्यावधिक राख्नुपर्ने दायित्व कार्यालय प्रमुखलाई तोकेको छ। उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्रका कच्ची, ग्राभेल सडकहरुमा ग्रभेल हाली खाल्टा खुल्टी पूर्ने र सहज आवतजावलमा सुविधा पुर्याउने कार्यमा कार्यालयका टिपर डोजर लोडर प्रयोग गरी वार्ड नं.१-१७ सम्मका सडकमा ग्रभेल विच्याएको इन्धन खर्च भनी पुरवार इन्टरप्राइजेज लाई रु.९२१३३१.८६ भुक्तानी दिएको छ । यसरी कून कून वडामा के कति परीमाणमा ग्राभेल विच्छाएको हो सो ग्राभेलको रोयल्टी समेत राखि स्वीकृत ल.ई. का आधारमा इन्धन खर्च लेख्नुपर्नेमा मर्मत कार्यको मापन नगरी लमसममा ४६२ ट्रिप ग्राभेल, २७७२ घ.मी. खाल्टाखुल्टीमा हाली ४७१२.४० मिटर क्षेत्रमा प्रति मीट रु.९२,५६१।- को दरले रु.४३६१८४४।५६ मुल्य बराबरको खाल्टखुल्टी पुर्ने काम गरेको भनी इन्धन खर्च भुक्तानी भएकोमा नर्मस अनुसार खाल्टाखुल्टी पुरेको मापन मूल्याङ्कन गरी सो आधारमा खर्च लेख्न मिल्ने इन्धन एकिन गरेर मात्र खर्च भुक्तानी हुनुपर्नेमा सो को एकिन आधार प्रमाण बेगर भुक्तानी भएको रु. | ९२१३३१.०६ |
| ८४. | **सोझै ठेकेदार मार्फत सडक मर्मत:-** उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न सडकहरुमा खाल्टाखुल्टी पुर्ने र सडक मर्मत गर्ने कार्य सोझै कोटेशन मागी विभिन्न वडास्तरीय सडकमा ठेकेदार मार्फत रु.५० लाखको लागतमा नवढ्ने गरी पटक,पटक सडक मर्मत गरेर थप रु.१८२५३७६।- खर्च गरेको देखियो | |

| फा | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | । कार्यालयले पनि आफ्नै श्रम, साधन प्रयोग गरेर सडक मर्मत गरेको भनी नियमित रुपमा इन्धन, खाजा लगायतका खर्च भुक्तानी गर्दै आएको छ । यसरी विभिन्न श्रोतबाट एउटै कार्य गराउँदा दोहोरो भुक्तानी हुने अवस्था नियन्त्रणका लागि कार्यालयले खाल्टाखुल्टी पुरी सडक मर्मत गर्ने कार्यको लागत इष्टिमेट प्याकेज बनाएको छैन । साथै कतिपय भुक्तानीमा उक्त कार्यको मापन मुल्याङ्कन समेत देखिँदैन । खाल्टाखुल्टीमा ग्राभेल भर्ने कार्य यसरी दोहोरो रुपमा गर्दा सडक एकिन गरेर आवश्यक सामान समेतको ल.ई. स्वीकृत गराएर मात्र भुक्तानी हुनु पर्दछ । | |

| भौ.नं. र मिति | स्थान | ठेकेदारको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ३२४,२०७६।१२।३ | ए.बि.सी. गाउँ वार्ड नं. १२ | मोहन कन्स्ट्रक्सन | ८९८६४१ |
| १३८-२०७६।९।२८ | वार्ड नं. १-५ | मोहन कन्स्ट्रक्सन | ४३४५९८ |
| १५६-२०७६।९।२८ | विभिन्न वडाहरु | परिवेश निर्माण सेवा | ४९२१३७ |

| फा | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **अन्य प्रयोजनको खर्चः** गाउँपालिकाको स्वीकृत बजेट भित्र तोकिएको खर्च शिर्षकमा पर्छ भने मात्र खर्च गर्न सक्नेमा गाउँपालिकाले अन्य कार्यलय वा संस्थाहरुको खर्च रकम भुक्तानी तथा नगद अनुदान समेत प्रदान गरेको छ । अन्य कार्यलय/संस्था लाई भुक्तान रकम कर्यालय भैपरी आउने विविध शिर्षकबाट असम्बन्धित कार्यालयको खर्च निम्नानुसार भुक्तानी भएको अनियमित देखिएको रु. | १९२००० |

| गो.भौ.नं. र मिति | भुक्तानी दिएको कार्यालय | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८०,२०७६।८।५ | जिल्ला प्रशासन कार्यालय कैलाली | V.P.N. Router | १४२००० |
| २३८, २०७६।११।६ | वार्ड नं. १८ स्थीत सिमा प्रहरी चौकी | फर्निचर | ५०००० |
| जम्मा | | | १९२००० |

| फा | भौ.नं. मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **प्रदेश सरकार पूँजिगत तर्फः** | |
| ८५. | २६-२०७७।३।३०, वार्ड नं. १७ स्थित दुमौलीयामा सडक कालोपत्रे गर्ने कार्य उपभोक्ता समितिसँग ल.ई. रु.२८५८२४७।- स्वीकत भई नगरबाट रु.२० लाख तथा समितिको अंश रु.८६०६३३।- व्यहोर्ने गरी सम्झौता भएको छ । माटो खन्ने कार्य १२२५ घ.मी. को प्रति घ.मी. १३०५।०२ ले हुने ८११५७८।८० बढी भुक्तानी भएको देखिन्छ । स्वीकृत ल.ई. अनुसार माटो खन्ने र बालुवा मिक्स ग्रभेल विच्छाउने कार्य परीमाण बरावर १७४५.५० घ.मी. स्वीकृत भएकोमा वेश तयार गर्ने कार्यको परीमाण खन्ने कार्य भन्दा अत्याधिक देखाई बढी भुक्तानी भएको रु. | ८११५७८।८० |
| ८६. | २८-२०७७।३।३१, वार्ड नं. १५ स्थीत श्री राष्ट्रिय मा.वि.को स्वीकृत ल. ई. ८३४६२५५।४२ को कार्य निर्माण व्यवसायी श्री दिर्घराज जोशीसँग रु..........मा सम्झौता भएकोमा तेस्रो रनिङ्ग वीलबाट रु.५१२६५७०।- भुक्तानी भएको छ । उक्त भवन निर्माण कार्य प्रथम रनिङ्ग वील भुक्तानी भए पश्चात शुरुमा स्वीकृत भएका कामको परिमाणमा भेरीएशन गरी लगत अनुमान घटाई रु.५१२६५७०।- कायम गरेको देखियो । सो भेरीएशन कार्य पश्चात तेस्रो।अन्तिम वील रु.१८८६०८६।३७ भुक्तानी हुँदै ठेक्का वीलमा अद्यावधिक कार्यको मापन रु.५४०२५२६।- उल्लेख गरी रकम भुक्तानी भएको छ । अतः रीभाइज ल.ई. अनुसार ५१२६५७०।- भन्दा बढी रकम भुक्तानी गर्न नसकिने स्थितिमा रु.५४०२५२६।- को भुक्तानी भएकोले सम्झौता भन्दा वढी भुक्तानी रु. | २७५९८२.६० |
| ८७. | ७५९-२०७७।२।१७, ह्युमपाइप खरीद जडानः- उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्रका विभिन्न सडक अन्तर्गत पानीको सहज निकास एवं आवत जावतका लागि २ प्याकेजमा श्री पुर ह्युमपाईप उद्योगसँग विभिन्न साइजका ३०० थान पाईप खरीद गरी भुक्तानी गरेको छ । प्रथम प्याकेज अन्तरगत निज आपूर्तकसँग रु. ११६६६३९२।- सम्झौता भएकोमा प्रथम रनिङ्ग वीलबाट रु.५४८८७७१।- | २४०११२ |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तथा दोश्रो रनिङ्ग वीलबाट रु.६४१७७३३।- समेत रु.११९०६५०४।- भुक्तानी भएकोमा यसरी खरिद गरिएका ह्यूम पाइप माग निवेदन सम्बन्धित वडा कार्यालयको सिफारिसमा व्यक्तिलाई वितरण गरेको देखियो ।वितरित ह्युम पाइप सम्बन्धित सडकमा जडानगरी खर्च लेख्ने पर्ने भनि गत बर्ष बेरुजु व्यहोरा औल्याईएकोमा यस बर्ष समेत जडान कार्य हुन सकेको छैन । सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार पाइप खरिद गर्दा पूर्व अनुमान गर्न सक्ने अवस्था हुँदा समेत भेरियसन आदेशबाट थप पाईप खरिद गरिएको छ । सम्झौता भन्दा बढी भुक्तानी भएको रु.२४०११२।- असुल हुनु पर्दछ रु. | |
| ८८. | १३१८-२०७७।३।३१, वर्षान्तमा नपुग भएको भनी आपूर्तक श्री पुर ह्यूमपाईप इन्डस्ट्रिजबाट साविमा खरीद गरेकै दरमा सोझौ थप ह्युमपाईप खरीद गरी रु.६३०००००।- भुक्तानी भएको छ । यसरी पूँजिगत शिर्षकबाट मात्र रु.१८२०६५०४।- मुल्यका ३०० थान ह्युमपाईपहरु वडा अध्यक्षको रोहवरमा विभिन्न वडागत रुपमा व्यक्तिले भरपाई गरी बुझेको, कार्यालयले जिन्सीमा उक्त सामान आम्दानी जनाएको तर मौज्दात नापी किताबमा खर्च लेखे पश्चात घटाउनु पर्नेमा व्यक्तिले बुझेको भरपूको आधारमा घटाउने गरेको छ । यसरी खरीद भएका ह्युमपाईप प्राविधिकबाट मापन मूल्याङ्कन गरी आवश्यकता अनुसार जोड जडान गरेर खर्च लेख्नु पर्नेमा प्राविधिक मापन मूल्याङ्कन गरेको देखिएन । अतः नियमानुसार वडागत रुपमा वितरण गरेका पाइपहरु सम्बन्धीत सडकमा जडान गरेको प्राविधिक विल भर्पाइ, कार्यसम्पन्न प्रतिवेदनका आधारमा बजेट खर्च लेख्नु पर्नेमा खरीद वीलका आधारमा बजेट खर्च लेखेकोले जिन्सी आम्दानी जडान सम्पन्नको प्रमाणको आधारमा अद्यावधिक गरी ह्युमपाईप खर्च भएको प्रमाण पेश हुनुपर्ने रु. | १८२०६५०४ |

| भौ.नै. र मिति | कार्यक्रम | व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ७५९-२०७७।३।१७ | विभिन्न १९ वडाका लागि | श्रीपूर ह्युमपाईप इन्ड्रष्टिज | ११९०६५०४ |
| १३१८-२०७७।३।३१ | विभिन्न व्यक्तिगत | श्रीपूर ह्युमपाईप इन्ड्रष्टिज | ६३००००० |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८९. | कार्यालयले निम्नानुसार ह्यूमपाईप खरिद गरी रु.११९०६५०५.०० भुक्तानी गरेको विवरण पेश गरेको छ । देहायको साइजका ह्यूमपाईप नगर भित्रका वडाबाट माग भई आएकोमा श्रीपुर ह्युमपाइप इन्डस्टिज प्रा.ली.संग रु.११६६६३९१.२० मा ५४६ वटाको ठेक्का सम्झौता गरेको देखियो । कार्यालयको लागत अनुमान भन्दा निम्नानुसारका पाइप वडा बाट माग बढी भएको भनि रु.२४०११३.७० को २.०६ प्रतिशतको कार्यालय प्रमुखले भेरियसन स्वीकृत गरेको देखियो ।सम्झौता भएको साइजको परिमाणमा थप घट गरी माग बढी भएको भनि भेरियसन भएकोमा सम्झौता भन्दा ५३ वटा पाइप कम परिमाणमा आपूर्ति भएको अवस्थामा भेरियसन कम मूल्यका साइज घटाएर बढी मूल्यका साइज आपूर्ति भइ मुल्य बढेको देखिन्छ । यसरी खरिद भएका पाइप वडा कार्यालयमा पठाइएको भनि खर्च गरेको देखियो । वितरण गरिएका सामान सार्वजनिक स्थानमा प्रयोग भएपछि प्रयोजन खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार हुनुपर्नेमा सो देखिएन । खरिद भएका सामानहरु जिन्सी आम्दानी जनाई खर्च भए प्रयोग भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ११९०६५०५.०० |

| पाइपको साइज | सम्झौता परिमाण | भेरियसन परिमाण | आपूर्ति परिमाण | दर | रकम |
|---|---|---|---|---|---|

कार्यालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 300 dia NP3 humepipe | ९५ | -६७ | २८ | १२४३० | ३४८०४० |
| 450 dia NP3 humepipe | २०० | -३८ | १६२ | १५५७० | २५२२३४० |
| 600 dia NP3 humepipe | २०० | १३ | २१३ | २१२५० | ४५२६२५० |
| 900 dia NP3 humepipe | ५१ | ३९ | ९० | ३४८९० | ३१४०१०० |
| | | | | जम्मा | १०५३६७३० |
| | | | | १३ प्रतिशत मु.अ.कर | १३६९७७५ |
| | | | | कुल जम्मा | ११९०६५०५ |

१०. **संघीय पूँजिगत (समपूरक तर्फ)-** समपुरक तर्फको अनुदान रु.३ करोड ५१ हजार प्राप्त भएकोमा ३ करोड ५० लाख ९९ हजार खर्च भएको छ । उक्त कार्यक्रममा विभिन्न वडामा १२ वटा भवन निर्माण कार्य, करीब ५० लाखको लागतमा शुरु भएको जसमध्ये ११ वटा भवन एस.इ.कन्स्ट्रक्सन कम्पनीले प्रतिस्पर्धामा पाएको देखियो । यसरी एउटै ठेकेदारलाई ११ वटा भवनको निर्माण कार्य सम्झौता अनुसार दिएकोमा उक्त भवनहरुको प्रगति अत्यन्तै न्यून रहेको छ । अधिकांश भवनको पहिलो रनिङ्ग विलबाट बढीमा २० लाख बराबरको कार्य भएको र सोही अनुसार भुक्तानी लिएको अवस्था छ । भवन निर्माणको उक्त बजेट सालबसाली रहेकोले एउटै ठेकेदारलाई धेरै कार्य दिंदा समयमा काम गर्न नसकेको, यी ठेक्कामा दिएको मोविलाइजेशन पेश्की ९५ लाख २७ हजार फर्छ्यौट नभएको, अधिकांशको म्याद आषाढ मसान्तमा समाप्त भई सकेको, म्याद थप, कार्यसम्पादन जमानत, पेश्की जमानतको म्याद समाप्त भएको निर्माणाधिन संरचनाको विमा गराउनुपर्नेमा विमा नगराएको, भवन निर्माणमा प्रयोग हुने सामाग्रीको ल्याव टेष्ट लगायतका गुणस्तर परीक्षणको कार्य नभएको अवस्था छ । अतः ठेक्का सम्झौता गर्दा योजना सम्पन्न हुने समय, क्षमता लगायतका प्राविधिक विषयहरुको समेत मूल्यांकन गरेर कार्यान्वयन सुनिश्चितता हुने गरी ठेक्का सम्झौता गरेर तोकीएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ ।

११. **शहरी विकास आयोजना:-** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५४ मा खरीद सम्झौता गर्दा पूर्वअनुमान गर्न नसकीने परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खोली ५ प्रतिशत सम्मको भेरीएशन सार्वजनिक निकायको प्रमुखले तोकीएको कार्यविधि अपनाई भेरीएशन आदेश स्वीकृत गराई आदेश जारी गर्नु पर्ने व्यवस्था छ । ठेक्का नं.६४,२०७५।७५ कार्यालय परीसर अगाडी Land scaping कार्य ल.ई. रु.३२७२३६६।- स्वीकृ गरी कावेली कनस्ट्रक्सन संग रु.३२७१३३६।- मै सम्झौता भएको छ । निर्माण कार्यमा BoQ terms का विभिन्न आइटमका परीमाण थप भई अन्तिम रनिङ्ग वीलबाट रु.३१६६५०।- भेरीएशन थप भई कूल निर्माण कार्यको वील रु.३५८९०१६।- भुक्तानी भएको देखिनछ । अतः प्रमुख प्रशाकीय अधिकृतबाट ५ प्रतिशत सम्मको भेरीएशन स्वीकृत हुन सक्नेमा सीमा भन्दा बढीको भेरीएशन स्वीकृत गरी भुक्तानी भएको रु. — ३१६६५०.०

१२. **नयाँ प्रशासनीक भवनमा जेनेरेटर खरिद कार्य:-** ९८-२०७७।३।३१, कार्यालयले नयाँ प्रशासनिक भवनका लागि Desel Power Generator KVA-200 को खरीद गर्न आपूर्तक श्री एम.एस. इन्टरनेशनलसँग रु.२५७३०००।- (जडान कार्य समेत) २०७७।३।२० मा खरीद सम्झौता गरेको छ। वर्षान्तमा हतारमा गरीएको उक्त खरीद सम्झौता अनुसार आपूर्तकले २०७७।३।२८ मा उक्त जेनेरेटर आपूर्ती गरेकोमा नयाँ प्रशासनिक भवन संरचना अधुरो रहेको, निर्माणको कार्य हुँदै गरेको Finishing को पूरै कार्य बाँकी रहेकोले उक्त भवनमा तत्काल जेनेरेटर जडान गर्न सक्ने स्थिति नरहेको भनी २०७७।३।३१ को टिप्पणी आदेश अनुसार सम्झौता अनुसार भुक्तानीहुने रु.२५७३०००।-



Scanned with CamScanner

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मध्ये जेनेरेटर खरीद शिर्षकको रकम फिज हुने भएकोले हाल जडान गर्न नसकीने अवस्था रहेको हुँदा रु.१७३०००।- जडान खर्च घटाई भुक्तानी दिनेगरी फिज हुने बजेट खर्च लेखेको देखियो । उक्त जेनेरेटरको मर्म संभारको जिम्मेवारी (warranty) १ वर्ष सम्झौतामा उल्लेख गरेकोमा खरीद भएको ८ महिना सम्म उक्त जेनेरेटर जडान नै हुन नसकी कार्यालय परीसर भित्र खुल्ला चौरमा रहेको अवस्था छ ।  आधिकारीक विक्रेताबाट क्याटलग सपिङ्ग विधीबाट गरीद गरी भुक्तानी भएको उक्त जेनेरेटरको वारेन्टी अवधिमा जडान कार्य हुन नसक्दा ढिलाई भई समाप्त हुने अवस्था रहेको, जडान गर्ने भवन नै तयार नहुँदै बजेट खर्च गर्ने उद्देश्यबाट जेनेरेटर खरीद गरी कार्यालय परीसरमा त्यतिकै राख्नाले मेशिनरी सामानमा खिया लगायतका समस्या आई वेकम्मा हुने अवस्था देखिएकोले आवश्यकता वेगर सामन खरीद गरी अनावश्यक खर्च गर्ने जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाई अनावश्यक वजेट खर्च गर्ने कार्य नियत्रन्ण हुनु पर्दछ । | |
| ९३. | **भेरीएशन भुक्तानीः**- वार्ड नं. १६ स्थीत वेहडावावा मा.वि. भवन निर्माण कार्यको स्वीकृत ल.ई. ८३४६२५५।- को ठेक्कामा निर्माण व्यवसायी प्रशंसा कन्ट्रक्सन प्रा.ली.सँग रु.५४०२५२६।- सम्झौता भई कार्यान्वयनमा आएकोमा ठेकेदारलाई अन्तिम विल वापत रु.५१२८४८८।- भुक्तानी भएको छ । दोश्रो रनिङ्ग वीलमा सम्झौता अनुसारको कार्य सम्पन्न हुन नसक्ने भई ठेकेदारले कार्य छाड्ने अवस्था देखिएको भनी बाँकी कार्यको Revise ल.ई. प्रस्ताव गरी हालसम्म भएको कामको मात्र Revise estimate बनाएको देखियो । उक्त Revise estimate समेत स्वीकृत भएको छैन । यसरी ठेकेदारले सम्झौता बमोजिम काम गर्न नसकेको अवस्थामा ठेक्का तोडी निजको कार्यसम्पादन जमानत जफत गरेर कालो सूचीमा राख्न सार्वजनिक खरीद व्यवस्थापन कार्यालयलाई लेखी पठाउनु पर्नेमा सो गरेको दिखएन । शुरु स्वीकृत ल.ई. भन्दा रु.३२१७७६६।- को निर्माण कार्य घटाई गरे भएको कामको मापनका आधारमा ठेकेदारलाई भुक्तानी दिई योजना सम्पन्न गर्नाले भवन निर्माण कार्य सम्पन्न हुने स्थिति देखिएन । सम्झौता अनुसार कार्य गर्न नसक्ने ठेकेदारलाई नियमावली एवं सम्झौतामा उल्लेख भए बमोजिमका कानुनी कार्वाही गरी निर्माण कार्य समयमा सम्पन्न गर्न तर्फ कार्यालयको पहल हुनु पर्दछ । | |
| ९४. | २१०-२०७६।१०।२२ ज्ञानु प्लाजा देखी STS सम्मको RCC सडक निर्माण कार्यका लागि भागेश्वर निर्माण सेवासँग रु.४३१०९७४।- ( भ्याट समेत) सम्झौता भई सडक कालोपत्रे कार्य वापत रु.५१२५९६८।- भुक्तानी भएको छ । उक्त कालोपत्रे निर्माण कार्यमा अन्तिम रनिङ्ग विलबाट सम्झौता भन्दा कार्य परीमाण वृद्धि भएको भनी मुल्याङ्कन भएको वील बराबरको Revise ल.ई | |



Scanned with CamScanner

ालयको नाम: धनगढी उपमहानगरपालिका,धनगढी कैलाली ।  आ.व. २०७६।७७

| का | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.५१४१०१२।- उल्लेख गरेर भेरीएशन थप भुक्तानी भएको छ । अन्तिम विलको भुक्तानी साथ पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.३३३०४२६।- को मात्र कार्य भएको प्रमाणित गरेकोले रु.१७९५५४२।- बढी भुक्तानी भएको छ । Revise estimate स्वीकृत नगरी भेरिएशन वापतको रकम समेत थप भुक्तानी दिएकोले नियमानुसार भेरीएशन स्वीकृत वेगर सम्झौता रकम भन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ । | १७९५५४२.०० |
| ५. | ५३९-२०७७।२।२८, डमौलीया सीमल रुख सडक कालोपत्रे गर्ने कार्य उपभोक्ता मार्फत गर्ने गरी स्वीकृत ल. ई. रु.१६०११९७१।- कायम भई उपमहानगरपालिकाबाट व्यहोर्ने रु.१२८२०००।- उपभोक्ताबाट व्यहोर्ने रु.४३९९१०।- गरी सम्झौता भएको छ । उपभोक्ताको बील अनुसार रु.१७२१११०।- को कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा स्वीकृत ल.ई. भन्दा भेरीएशन बाट रु.११९१३९।- थप कार्यको भुक्तानी भएको देखियो । सार्वजनिक खरीद नियमावली अनुसार उपभोक्ता समिति मार्फत सम्झौता गरी दिएको निर्माण कार्यमा भेरीएशन आदेश स्वीकृत गरी थप भुक्तानी दिन मिल्ने नदेखिएको रु. | ११९१३९.०० |
| ९६. | ५४६-२०७७।२।२९, वार्ड नं. ७ मायाँ सिंको घर देखी हुलाको सडक हुँदै मनोहरा जाने सडक कालोपत्रे कार्यका लागि निर्माण व्यवसायी श्री वाराही अजिमा निर्माण सेवासँग रु.१२९०६०७।- मा सम्झौता भएकोमा निज ठेकेदारले प्रथम रनिङ्ग विलमा भेरीएशन समेत थप गरी रु.१७६६७०७।- भुक्तानी लिएको छ । निर्माण कार्यका विभिन्न ४ Items मा परीमाण थप भएको भनी भेरीएशन वापत रु.५२६२३३।९५ थप भुक्तानी भएकोमा कारण सहितको भेरीएशन आदेश जारी भएको छैन । भेरीएशन आदेश फारम स्वीकृत नगरी अभिलेख खाता समेत अद्यावधिक नगरी सम्झौता भन्दा वढी भेरीएशन भप गरी भुक्तानी दिएको रु. | ५२६२३३.९५ |
| ९७. | ५५१-२०७७।२।३०, वार्ड नं. १२ हनुमान मन्दिर देखी सी गाउँ सम्मको सडक कालोपत्रे कार्य निर्माण व्यवसायी पि.के. कन्स्ट्रक्सनसँग रु.६७९२७३१।२३ मा सम्झौता भई निर्माण कार्य भएकोमा ठेकेदारलाई अन्तिम विलबाट रु.७७९९१५३।- भुक्तानी भएको छ । निर्माण कार्यको परीमाण थप भएको भनी भेरीएशन वापत रु.१००६६४६।२९ थप रकम भुक्तानी भएकोमा भेरीएशन आदेश जारी भएको छैन । यसरी दिएको भेरीएशनको अभिलेख खाता अद्यावधिक नभएको, भेरीएशन आदेश फारम समेत स्वीकृत नगरी सम्झौताभन्दा वढी भेरीएशन थप गरी भुक्तानी भएको रु. | १००६६४६.२९ |
